# स्थानीय तहहरूमा अपाङ्गता उत्तरदायी बजेट सम्बन्धि अध्ययन प्रतिवेदन

## आ.व. २०८०/०८१

National Indigenous Disabled Women Association, Nepal
2015
NIDWAN

UN WOMEN
NEPAL

# स्थानीय तहहरुमा अपाङ्गता उत्तरदायी बजेट सम्बन्धि अध्ययन प्रतिवेदन

आ.व. २०८०/०८१

राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग
महिला संघ-नेपाल (निडवान)

UN WOMEN
NEPAL

| | | |
|---|---|---|
| **प्राविधिक सल्लाहकार** | : | प्रतिमा गुरुङ – अध्यक्ष, निडवान, विषयविज्ञ - राष्ट्रिय अपाङ्गता निर्देशन समिति, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| **लेखन तथा सम्पादन** | : | अधिवक्ता विष्णु बहादुर खत्री - लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण नीति विज्ञ<br>कृष्ण गहतराज – अपाङ्गता समावेशी विकास विज्ञ |
| **विशेष योगदानकर्ता** | : | रत्ना राना – जिल्ला परियोजना संयोजक, सुर्खेत, कर्णाली प्रदेश<br>चन्द्रकान्त पनेरु – जिल्ला परियोजना संयोजक, कैलाली, सुदुरपश्चिम प्रदेश |
| **व्यवस्थापन** | : | जमुना तामाङ – कोषाध्यक्ष<br>कर्म महर्जन – प्रशासनिक तथा आर्थिक अधिकृत |
| **प्रकाशक** | : | राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपाल |
| **साझेदार निकाय** | : | **UN Women Nepal** |
| **प्रकाशन मिति** | : | कार्त्तिक २०८१ |
| **संस्करण** | : | प्रथम संस्करण |
| **प्रकाशित प्रति** | : | ५०० प्रति |
| **सर्वाधिकार संरक्षित** | : | राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपाल (निडवान) |

# कृतज्ञता

राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपाल (निडवान) आदिवासी अपाङ्गता भएका महिलाहरुद्वारा उनीहरुकै हकहित र अधिकारका लागि काम गर्ने उद्देश्यले स्थापना गरिएको एक गैरनाफामूलक आदिवासी अपाङ्गता भएका महिलाहरुको गैरसरकारी संस्था हो । यस संस्थाले आफ्नो स्थापनाकालदेखि नै आदिवासी अपाङ्गता लगायत अन्य अति सीमान्तकृत तथा न्यूनप्रतिनिधित्व रहेका अपाङ्गता भएका व्यक्तिहरुको सवालमा स्थानीय तहहुँदै अन्तराष्ट्रिय रुपमा नै बुलन्द रुपमा आवाज उठाउँदै आइरहेको छ । निडवानले एउटा त्यस्तो निष्पक्ष, न्यायपूर्ण र समतामूलक समाजको परिकल्पना गर्दछ जहाँ प्रत्येक आदिवासी अपाङ्गता भएका महिलाहरुले आफ्नो जीवन आत्मासम्मान र पूर्ण सत्कारका साथ बाँच्न पाउनेछन् ।

निडवानले मूलत: अपाङ्गता भएका व्यक्तिहरुको विविधतालाई उसको 'अशक्तता'को प्रकृत्तिको आधारमा मात्र नभइ अन्य बहुगत पहिचानका आधारमा सम्बोधन गरिनुपर्दछ भन्ने मान्यतालाई अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि (सिआरपीडि)को मूल मर्मानुसार वकालत गर्दै आइरहेको छ । सोहि सन्दर्भमा UN Women को आर्थिक सहयोगमा सुदुरपश्चिम प्रदेशको कैलाली जिल्ला अन्तरगत तीनवटा स्थानीय तहहरु र कर्णाली प्रदेशको सुर्खेत जिल्ला अन्तरगत दुईवटा स्थानीय तहहरुमा सञ्चालित **'नेपालमा सुशासन तथा विकास प्रक्रियामा अपाङ्गता अधिकार र समावेशीता प्रवर्द्दन गर्नेका लागि अपाङ्गता भएका व्यक्तिहरुको संघसंस्थाहरुलाई क्षमता विकास सहयोग परियोजना'** अन्तरगत उल्लेखित ५ वटा स्थानीय तहहरुमा आ.व. २०८०/०८१ को नीति, बजेट तथा कार्यक्रमहरु कत्तिको अपाङ्गता उत्तरदायी छन् भनी परिक्षण गरिएको थियो । सो परिक्षण गरी यस बृहत् प्रतिवेदन लेखन तथा सम्पादनको नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने द्वय लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सार्वजनिक नीति विज्ञ - अधिवक्ता विष्णु बहादुर खत्री र अपाङ्गता समावेशी विकास विज्ञ - कृष्ण गहतराजलाई यस संस्थाको तर्फबाट विशेष धन्यवाद दिन चाहान्छौं ।

यस बृहत प्रतिवेदन निर्माणको निम्त्ति आफ्नो कार्यक्षेत्रभित्रका स्थानीय सरकारका सम्बन्धित निकायमा गएर मूख्य सूचक र उपसूचकहरुको आधारमा सूचनाहरु सङ्कल गर्ने र तीनलाई दस्तावेजीकरण गरी विज्ञद्वयलाई पठाइ सहयोग सगर्नुहुने जिल्ला परियोजना संयोजकद्वय – रत्ना राना र चन्द्रकान्त पनेरुलाई पनि यस संस्थाको तर्फबाट धन्यवाद ज्ञापन गर्न चाहान्छौं । यस प्रतिवेदनलाई प्रकाशनको सम्पूर्ण व्यवस्थापन मिलाउनुहुने यस संस्थाका कोषाध्यक्ष एवं सम्पूर्ण कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु, प्रशासनिक तथा वित्तिय अधिकृत – कर्म महर्जन तथा अन्य सम्पूर्ण कर्मचारीहरुप्रति पनि हार्दिक आभार व्यक्त गर्दछौं ।

अन्त्यमा, यस महत्वपूर्ण कार्यका लागि परियोजना मार्फत् सहयोग गर्नुहुने साझेदार संस्था UN Women नेपालका कार्यक्रम विशेषज्ञ – सन्तोष आचार्य लगायत सम्पूर्ण टिमलाई पनि विशेष धन्यवाद् ज्ञापन गर्दछौं ।

.............................................

प्रतिमा गुरुङ

**अध्यक्ष**

# विषयसूची

**खण्ड १: पृष्ठभूमी, औचित्य, उद्देश्य तथा सीमितता** **१**
१.१ पृष्ठभूमी १
१.२ परिक्षणको औचित्य १
१.३ परिक्षणको उद्देश्य २
१.४ परिक्षणको कार्यक्षेत्र तथा सीमितता २

**खण्ड २: विषयगत अवधारणागत बुझाइ, अन्तराष्ट्रिय तथा राष्ट्रिय नीतिगत आधारहरु** **३**
२.१ अपाङ्गता समावेशी विकासको अवधारणा ३
२.२ अति सीमान्कृत र न्यूनप्रतिनिधित्व रहेका अपाङ्गता भएका व्यक्तिहरु ३
२.३ लैङ्गिक उत्तरदायी बजेट र अपाङ्गता उत्तरदायी बजेट ४
२.४ राष्ट्रिय तथा अन्तराष्ट्रिय नीतिगत आधारहरु ४

**खण्ड ३: अपाङ्गता उत्तरदायी बजेट निर्माण, तीनको विश्लेशणका सूचक तथा उपसूचकहरुको वर्गीकरण, मापन र प्राप्त नतिजा** **६**
३.१ अपाङ्गता उत्तरदायी बजेट निर्माण ६
३.२ अपाङ्गता उत्तरदायी बजेट विश्लेषणको सूचकहरुको वर्गीकरण र मापन ६
३.३ स्थानीय तहमा अपाङ्गता उत्तरदायी बजेट मापनका प्रमुख सूचक, उपसूचक तथा तीनको विश्लेषण ७
३.४ निष्कर्ष तथा सिफारिसहरु १८
३.४.१ निश्कर्ष १८
३.४.२ सुझावहरु १८

**अनुसूचीहरु:** **२२**
अनुसुची १: प्रमुख सूचक र उपसूचकहरुसहितको परिक्षण सूची फाराम २२
अनुसूची २: गाँउपालिका/नगरपालिका वा स्थानीय सरोकावालाहरुबाट थप संकलन गर्नुपर्ने सूचनाहरु ३०

# खण्ड १: पृष्ठभूमी, औचित्य, उद्देश्य तथा सीमितता (Background, Relevancy and Limitation)

## १.१ पृष्ठभूमी (Background)

राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ-नेपाल (निडवान) ले आफ्नो मूख्य नेतृत्व, राष्ट्रिय अपाङ्ग महासंघ-नेपाल, सुदुरपश्चिम प्रदेश र अपाङ्गता जनचेतना तथा सञ्चार सेवा केन्द्र, सुर्खेतको स्थानीय साझेदारीतामा युएन वमन (UN Women) र अपाङ्गता भएका व्यक्तिहरुको अधिकारका लागि संयुक्त राष्ट्र संघीय साझेदारीता (United Nations Partnership on the Rights of Persons with Disabilities (UNRPD) को साझेदारीतामा सुदुरपश्चिम प्रदेशको कैलाली जिल्ला अन्तरगत तीनवटा स्थानीय तहहरु र कर्णाली प्रदेशको सुर्खेत जिल्ला अन्तरगत दुईवटा स्थानीय तहहरुमा **'नेपालमा सुशासन तथा विकास प्रक्रियामा अपाङ्गता अधिकार र समावेशीता प्रवर्द्धन गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरुको संघसंस्थाहरुलाई क्षमता विकास सहयोग परियोजना'** गत अप्रिल २०२३ देखि सेप्टेम्बर २०२४ सम्मका लागि कार्यान्वयन गरी सफलतापूर्वक सम्पन्न गर्यो। सोहि परियोजना अन्तरगत स्थानीय तहको नीति, बजेट तथा कार्यक्रम कत्तिको लैङ्गिक तथा अपाङ्गता उत्तरदायी छ भनी लेखाजोखा गरिएको थियो। उक्त लेखाजोखाका निम्ति यहि परियोजना अन्तरगत निर्माण गरिएको उपकरणको प्रयोग गरिएको थियो।

उक्त परिक्षण उपकरणको प्रयोगको माध्यमबाट प्रारम्भमा सुदुरपश्चिम प्रदेशको कैलाली जिल्ला अन्तरगत भजनी नगरपालिका, गोदावारी नगरपालिका र कैलारी गाउँपालिका तथा कर्णाली प्रदेश अन्तरगत सुर्खेत जिल्लाको विरेन्द्रनगर नगरपालिका र वराहताल गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को नीति, बजेट तथा कार्यक्रमको लैङ्गिक तथा अपाङ्गता उत्तरदायीको दृष्ट्रिकोणबाट परिक्षण गरिएको थियो। उक्त परिक्षणबाट प्राप्त प्रतिफललाई यस प्रतिवेदनका रुपमा प्रस्तुत गरिएको छ।

## १.२ परिक्षणको औचित्य (Relevancy of this Audit)

नेपालको संविधान २०७२ को व्यवस्था अनुरूप स्थानीय तहले सुलभ र गुणस्तरीय सेवा प्रवाहका लागि जनसहभागिता, जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्दै संघ, प्रदेश, र स्थानीय तहबीचको सहकार्यलाई प्रवर्द्धन गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी गरिएको छ। यस ऐनले स्थानीय तहलाई दीर्घकालीन, मध्यमकालीन, र वार्षिक योजनाहरू निर्माण तथा कार्यान्वयन गर्न भनी अधिकार दिएको छ। यस प्रकारका वार्षिक योजनाहरुको निर्माण तथा कार्यान्वयनका सन्दर्भमा अपाङ्गता भएका व्यक्तिहरूको पूर्ण तथा सक्रिय सहभागिता अनिवार्य सर्त हो। अपाङ्गता भएका व्यक्तिहरूको समानता, सशक्तिकरण र सामाजिक समावेशिता सुनिश्चित गर्न नेपालले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७४ (पहिलो संशोधन २०७५) कार्यान्वयनमा ल्याएको छ।

सार्वजनिक स्रोत साधनहरूको समानुपातिक वितरण, विशेषतः अपाङ्गता भएका व्यक्तिहरूमा पुग्ने लाभको सुनिश्चितता, नीति निर्माण र बजेट व्यवस्थापनको महत्त्वपूर्ण पाटो हो। अपाङ्गता उत्तरदायी बजेट भनेको नीति, कार्यक्रम, तथा योजनाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागिता र पहुँचयुक्तताको सुनिश्चितता हो, जसले संविधान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूको प्रभावकारी कार्यान्वयनलाई बल प्रदान गर्दछ।

## १.३ परिक्षणको उद्देश्य (Objective of this Audit)

**१.३.१ समग्र उद्देश्य (Overall Objective):** यस परिक्षणको समग्र उद्देश्य भनेको स्थानीय तहको वार्षिक नीति, बजेट तथा कार्यक्रमहरुमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई के कसरी सम्बोधन गरिएको रहेछ भनी पत्ता लगाउनु हो।

**१.३.२ विशिष्ट उद्देश्यहरु (Specific Objectives) :**

- स्थानीय तहमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकता, तीनका सवालहरु र अधिकारको संबोधनको अवस्था पत्ता लगाउनु,
- स्थानीय तहहरु र स्थानीय तहको नेतृत्वमा योजना तर्जुमा तथा कार्यान्वयन हुने योजनाहरु तथा स्थानीय तहको सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई अपाङ्गता समावेशी र उत्तरदायी बनाउनु,
- योजना तर्जुमा, कार्यान्वयन र मूल्यांकनमा सबै प्रकारका अपाङ्गता भएका व्यक्ति तथा तीनका प्रतिनिधि संघसंस्थाहरुको प्रभावकारी र अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्नु।

## १.४ परिक्षणको कार्यक्षेत्र तथा सीमितता (Audit Scope and Limitations)

यस स्थानीय तहमा अपाङ्गता उत्तरदायी बजेटको परिक्षण मूलत: सुदुरपश्चिम प्रदेशको कैलाली जिल्ला अन्तरगत भजनी नगरपालिका, गोदावारी नगरपालिका र कैलारी गाउँपालिका तथा कर्णाली प्रदेश अन्तरगत सुर्खेत जिल्लाको विरेन्द्रनगर नगरपालिका र वराहताल गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को नीति, बजेट तथा कार्यक्रमको लैङ्गिक तथा अपाङ्गता उत्तरदायीको दृष्टिकोणबाट परिक्षण गरिएको थियो। उक्त परिक्षणका लागि १२ वटा प्रमुख सूचक र ५२ वटा उपसूचकहरुसहितको परिक्षण उपकरण निर्माण गरी प्रयोग गरिएको थियो। त्यसैले, यस अध्ययनबाट आएका सूचनाहरुको आधारमा निर्माण गरिने रिक्तता र निश्कर्षहरुले पूर्ण रुपमा नेपालभरी रहेका विद्मान ७५३ वटै स्थानीय तहको वास्तविकतालाई चित्रण नगर्न सक्छ।

# खण्ड २: विषयगत अवधारणागत बुझाइ, अन्तराष्ट्रिय तथा राष्ट्रिय नीतिगत आधारहरु (Thematic Conceptual Understanding, International and National Policy Measures)

## २.१ अपाङ्गता समावेशी विकासको अवधारणा (Concept of Disability Inclusive Development)

अपाङ्गता समावेशी विकास एक व्यापक अवधारणा हो, जसले अपाङ्गता भएका व्यक्तिहरूको समग्र विकास र अधिकारलाई सम्बोधन गर्दछ । अपाङ्गता समावेशी विकासको पद्दतिले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धिको मर्मलाई आत्मसात गर्दै अपाङ्गता सम्बन्धि सवालहरूलाई अधिकार र विकास दुवै दृष्टिकोणबाट सम्बोधन गर्छ । मानवअधिकारमूखी विकासको यस ढाँचाले दिगो विकासका लागि २०३० एजेण्डा र दिगो विकास लक्ष्यहरूमा अपाङ्ग ता समावेशी विकासलाई उच्च प्राथमिकता दिएको छ। यस अवधारणानुरूप अपाङ्गता मूलप्रवाहीकरण (Disability Mainstreaming) र अपाङ्गता विशिष्ट (Disability Specific) गरी दुई विधिको प्रयोगद्वारा आवश्यक गतिविधिहरू सञ्चालन गरिन्छ। स्थानीय तह वा समुदायस्तरमा अपाङ्गता समावेशी विकासको अभ्यास गर्न समुदायमा आधारित समावेशी विकास (Community Based Inclusive Development) को अवधारणामा आधारित हुनुपर्छ। यस अभ्यासले अपाङ्गता उत्तरदायी बजेटलाई प्रवर्द्धन गर्दै स्थानीय तहमा अपाङ्गता समावेशीताको लागि महत्वपूर्ण योगदान पुर्याउँछ।

## २.२ अति सीमान्कृत र न्यूनप्रतिनिधित्व रहेका अपाङ्गता भएका व्यक्तिहरु (Most Marginalized and Underrepresented Groups of Persons with Disabilities)

अपाङ्गता एक नवीनतम अवधारणा हो । नवीनतम अवधारणा भन्नुको अर्थ यो अत्यन्तै परिवर्तनकामी छ । अपाङ्गताभित्र पनि  अशक्तताको प्रकृति र त्यसको गाम्भीर्यता, जात, जातियता, रङ्ग, भूगोल, लैङ्गिकता, भाषा, धर्म, सामाजिक, आर्थिक अवस्था, थातथलो, आदिका आधारमा विविधता छ। जस्तै अपाङ्गताभित्र पनि नेपालको सामाजिक-साँस्कृतिक संरचनानुसार आदिवासी, दलित, मधेशी, मुश्लिम तथा अन्य अल्पसंख्यक, लोपोन्मूख जाति, विकट क्षेत्रमा बसोबास गर्ने समूह र आर्थिक रुपमा विपन्न भएका अपाङ्गता भएका व्यक्तिहरुको समग्र सामाजिकआर्थिक अवस्था अरुभन्दा दयनिह र सबैभन्दा पींधमा रहेको तितो यथार्थ छ । त्यसैगरी, पूर्ण असक्त अपाङ्गता भएका व्यक्तिहरु, अपाङ्गता भएका महिलाहरु, अल्विनो भएका व्यक्तिहरु, बौद्दिक अपाङ्गता भएका व्यक्तिहरु, अटिज्म भएका व्यक्तिहरु, मानसिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरु अन्य अपाङ्गता भएका व्यक्तिहरुभन्दा पछाडि पारिएका छन्। त्यसैले, यस परिक्षन उपकरणले पनि यी उल्लेखित समूह तथा वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई समग्रमा अतिसीमान्तकृत तथा न्यूनप्रतिनिधित्व रहेका अपाङ्गता भएका व्यक्तिहरुका रुपमा विशेष लक्षित

गरेको छ । स्थानीय सरकारको उत्तरदायित्व पनि आफ्नो स्थानीय तहमा रहेका सबैभन्दा पछाडि पारिएका वा राज्यको मूलप्रवाहमा आउन नसकेका जनताहरुप्रति विशेष लक्षित कार्यक्रम गर्नु अनिवार्य दायित्व हो ।

## २.३ लैङ्गिक उत्तरदायी बजेट र अपाङ्गता उत्तरदायी बजेट (Gender Responsive Budget and Disability Responsive Budget)

लैङ्गिक उत्तरदायी बजेट भनेको लैङ्गिक समानताका लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण, र उपलब्धिको समतामूलक वितरण सुनिश्चित गर्न योजना बनाउने पद्धति हो। यसले पुरुष, महिला, र यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका लागि समान अवसर र लाभको सुनिश्चितता गर्ने उद्देश्य राख्छ । लैङ्गिक विभेदलाई न्यूनिकरण गर्दै समानता स्थापना गर्न यो बजेट प्रणालीले महत्वपूर्ण भूमिका खेल्छ। नेपालमा यस अवधारणाको विकास नवौँ योजना (वि.सं. २०५४-०५९) बाट सुरु भएको हो, र आ.व. २०६४/०६५ देखि बजेटलाई लैङ्गिक वर्गीकरण (प्रत्यक्ष, अप्रत्यक्ष, तटस्थ) गरी मूल्याङ्कन गर्ने प्रक्रिया स्थापना भएको छ ।

अपाङ्गता उत्तरदायी बजेट भनेको अपाङ्गता भएका व्यक्तिहरूको विशिष्ट आवश्यकताहरूलाई सम्बोधन गर्ने बजेट प्रणाली हो । यो अवधारणा लैङ्गिक र बालबालिका उत्तरदायी बजेट जस्तै हो तर अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्नुपर्ने विशेष अवरोधहरूको समाधानमा केन्द्रीत हुन्छ । अपाङ्गता भएका व्यक्तिहरुले सामना गर्नुपर्ने त्यस्ता अवरोधहरुलाई सामान्यतया – सोँचको अवरोध, वातावरणीय तथा भौतिक अवरोध, नीतिगत तथा संस्थागत अवरोधहरु, सूचना, सञ्चार तथा प्रविधिगत अवरोधहरुलाई लिने गरिन्छ । यद्दपि, यसको गहिराइमा गएर विश्लेषण गर्ने हो भने अपाङ्गता भएका व्यक्तिहरुले सामना गर्नुपर्ने अवरोधहरु मूलत: संरचनागत वा व्यवस्थित अवरोध, साँस्कृतिक अवरोध तथा भाषागत् अवरोध र अन्तरच्छेदिय अवरोधहरु छन् । हालसम्म नेपालमा यसको औपचारिक अभ्यास नभए पनि स्थानीय तहमा यो प्रणालीलाई लागू गर्नाले अपाङ्गता समावेशीता प्रवर्द्धनमा ठोस योगदान दिन सकिन्छ ।

## २.४ राष्ट्रिय तथा अन्तराष्ट्रिय नीतिगत आधारहरु (National and International Policy Measures)

अपाङ्गता भएका व्यक्तिहरु र तीनका प्रतिनिधि संस्थाहरुको सहभागीता तथा प्रतिनिधित्व सुनिश्चितताका लागि विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय नीतिगत प्रावधानहरु छन् । तीनको परिपालन नै अनिवार्य सर्त हुन् जसले अपाङ्गता समावेशीतालाई थप प्रवर्द्दन गर्दछ । स्थानीय तहमा अपाङ्गता उत्तरदायी बजेटलाई प्रवर्द्दन गर्न सूचकहरुको स्थानीयकरण र थप सूचकहरुको समेत व्यवस्था गर्दा देहायका राष्ट्रिय तथा अन्तराष्ट्रिय नीतिगत प्रावधानहरूलाई आधार मानिएको छ :

### २.४.१ राष्ट्रिय नीतिगत आधारहरु (National Policy Measures):

- नेपालको संविधान २०७२
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐन २०७४ (पहिलो संशोधन २०७५)
- स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद ३ (गाउँपालिका वा नगरपालिकाको काम, कर्तव्य र अधिकार)
- अपाङ्गता भएका व्यक्तिहरुका लागि भौतिक संरचना तथा सञ्चार सेवा निर्देशीक २०७२
- गाउँपालिका वा नगरपालिकाको ७ चरणको योजना तर्जुमा सम्बन्धिको व्यवस्था
- अपाङ्गता भएका व्यक्ति सम्बन्धि राष्ट्रिय नीति, २०८०

### २.४.२ अन्तराष्ट्रिय नीतिगत आधारहरु (International Policy Measures):

- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि २००६
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि २००६ का सन्दर्भमा आजका मितिसम्म जारी गरिएका विभिन्न ८ वटा आधारभूत व्याख्या वा व्याख्यात्मक टिप्पणीहरु
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि समितिले नेपाल सरकारलाई दिएका निश्कर्षात्मक सुझाव तथा सिफारिसहरु
- आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र
- दिगो विकासका लागि २०३० एजेण्डा र यसका दिगो विकास लक्ष्यहरु
- विपद् जोखिम न्यूनिकरणका लागि सेण्डाइ कार्याढाँचा २०१५-२०३०
- महिला विरुद्द हुने सबै प्रकारका भेदभावहरुको अन्त्य गर्ने सम्बन्धि महासन्धी, यसको व्याख्यात्मक टिप्पणी तथा नेपाल सरकारलाई प्रदान गरेका सुझावहरु
- महिला विरुद्द हुने सबै प्रकारका भेदभावहरुको अन्त्य गर्ने सम्बन्धि महासन्धीको व्याख्यात्मक टिप्पणी ३९
- चौँथो विश्व महिला सम्मेलन र बेइजिङ घोषणा र कार्यमञ्च (4th World Conference on Women and Beijing Declaration and Platform for Action)
- अपाङ्गता भएका व्यक्तिहरुको एशिया – प्रशान्तीय दशकको लागि जाकर्ता घोषणापत्र २०२३-२०३२

## खण्ड ३: अपाङ्गता उत्तरदायी बजेट निर्माण, तीनको विश्लेशणका सूचक तथा उपसूचकहरुको वर्गीकरण, मापन र प्राप्त नतिजा (Disability Responsive Budget Making, Measure and Classification of their Analytical Indicators and Sub-Indicators and Results)

स्थानीय तहमा अपाङ्गता उत्तरदायी बजेट निर्माणका सम्बन्धमा परिक्षण गर्नका लागि यस 'नेपालमा सुशासन तथा विकास प्रक्रियामा अपाङ्गता अधिकार र समावेशीता प्रवर्द्दन गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरुको संघसंस्थाहरुलाई क्षमता विकास सहयोग परियोजना' मार्फत् सहभागीतामूलक विधिबाट एउटा परिक्षण उपकरणको निर्माण गरिएको थियो । सोहि परिक्षण उपकरणको प्रयोग मार्फत स्थानीय तहका चालु आ.व. २०८०/०८१ को नीति, बजेट तथा कार्यक्रमहरुको परिक्षण गरी विश्लेषण गरिएको छ । यस विश्लेषणमा मूलत: अपाङ्गता उत्तरदायी बजेटको निर्माण, तीनको विश्लेषणको सूचकहरुको वर्गीकरण र मापनका सूचक तथा उपसूचकहरुको वर्गीकरण गरी सोको आधारमा विश्लेषण गरिएको छ ।

### ३.१ अपाङ्गता उत्तरदायी बजेट निर्माण (Disability Responsive Budget Making)

अपाङ्गता उत्तरदायी बजेट कार्यान्वयन गर्दै स्थानीय तहहरूलाई अपाङ्गता समावेशी बनाउन र अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न विभिन्न रणनीतिहरू आवश्यक छन्। यसमा संस्थागत तथा मानव संशाधन विकास, खण्डीकृत तथ्यांकको संकलन, प्रयोग र सूचना व्यवस्थापनको सुधार, नीति निर्माणदेखि कार्यान्वयनसम्मको प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता, विभिन्न सरोकारवालासँग समन्वय, सहकार्य र साझेदारीको प्रवर्द्धन, सचेतना र प्रचारप्रसार, साथै अपाङ्गता भएका व्यक्तिहरूको विशेष आवश्यकताहरूको पहिचान र तिनका सवालहरूलाई नीतिगत रूपमा सम्बोधन गर्नु महत्त्वपूर्ण छ। यसरी, अपाङ्गता उत्तरदायी बजेटको अभ्यासलाई नियमित र प्रभावकारी बनाउँदै समावेशी विकासलाई प्रवर्द्धन गर्न सकिन्छ।

### ३.२ अपाङ्गता उत्तरदायी बजेट विश्लेषणको सूचकहरुको वर्गीकरण र मापन (Classification of Disability Responsive Budget Analysis Indicators and Measurement)

स्थानीय तहको बजेट विश्लेषण गर्दा स्थानीय तहको बजेटका साथै सो बजेटको आधार, नीति, कार्यक्रम तथा स्थानीय तहले तय गरेका नीतिगत तथा संरचनात्मक व्यवस्थाहरुको समेत विश्लेषण गर्नु वाञ्छनीय हुन आउँछ । विश्लेषणका आधारमा स्थानीय तहले तय गरेको नीति, बजेट र कार्यक्रमगत अभ्यास तथा प्रयासहरु अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको सम्मान र प्रवर्धनका दृष्टिले निक्र्यौल र वर्गिकरण गरिएको छ ।

सम्बन्धित स्थानीय तह अपाङ्गता उत्तरदायी बजेटको दृष्टिकोणले **तटस्थ, अपाङ्गता उत्तरदायी उन्मुख वा अपाङ्गता उत्तरदायी** कस्तो रहेको छ भनी त्यसको निश्चित प्रतिशत र अवस्था विश्लेषण गरिएको छ।

## ३.३ स्थानीय तहमा अपाङ्गता उत्तरदायी बजेट मापनका प्रमुख सूचक, उपसूचक तथा तीनको विश्लेषण (Major Indicators and Sub-Indicators of Measurement)

अपाङ्गता उत्तरदायी बजेटसँग सम्बन्धित उल्लेखित सूचकहरुको विश्लेषणका क्रममा हरेक सूचक जाँच गरी सोसँग सम्बन्धित आवश्यक आधार वा प्रमाणित गर्ने कागजात संलग्न गरिएको थियो। आधार वा प्रमाण समावेश नगरिएको सूचकको मापनलाई आधार मानिएको छैन। यसरी मापन गर्दा तय गरिएका हरेक सूचक तथा उपसूकहरुका आधारमा प्राप्त नतिजा र तीनको विश्लेषण देहायबमोजिम छ :

### ३.३.१ नीतिगत व्यवस्था

वीरेन्द्रनगर नगरपालिकाले लैंगिक समानता, अपाङ्गता, र सामाजिक समावेशीकरणलाई प्राथमिकता दिँदै विभिन्न नीतिगत कदमहरू चालेको पाइयो। नगरस्तरीय अपाङ्गता सञ्जाल र स्थानीय समन्वय समितिको स्थापना गरेको पाइयो। अपाङ्गता भएका व्यक्तिहरूलाई आयआर्जनमा समावेश गरेको पाइयो। घरदैलो कार्यक्रममार्फत अपाङ्गता भएका व्यक्तिहरूलाई पहिचान गरी परिचयपत्र र नागरिकता वितरण गरिँदा, उनीहरूको पहुँचमा सुधार आएको छ।

बराहताल गाउँपालिकाले स्थानीय समन्वय समितिको गठन, गुनासो सम्बोधन प्रणालीको विकास, पालिका स्तरीय प्रोफाइल तयार पार्ने, तथ्याङ्क संकलन गर्ने प्रणाली बनाउने, वार्षिक किताब प्रकाशन गर्ने, र अपाङ्गता परिचयपत्र वितरणका लागि कार्यविधि लागू गरेको छ। यद्यपि, भौगोलिक चुनौती र सीमित बजेटका कारण कार्यक्रमहरूको कार्यान्वयनमा केही समस्या भए तापनि गाउँपालिकाले बाह्य सहयोगबाट समस्या समाधानका निम्ति प्रयासरत रहेको पाइयो।

भजनी नगरपालिकाले अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ लागू गरेता पनि स्रोत साधनको अभावका कारण कार्यान्वयन प्रभावकारी हुन सकेको छैन। अपाङ्गता भएका व्यक्तिहरूको विस्तृत तथ्याङ्क संकलन नभएको र हरेक वर्ष विभिन्न कार्यक्रमहरूको निर्णय भए तापनि दिगो रूपमा कार्यान्वयन हुन नसकेको देखिन्छ। नगरपालिकाले आफ्नै अपाङ्गता सम्बन्धी नीति बनाउन नसक्दा, परिचय पत्र वितरण कार्यविधिमा मात्रै निर्भर रहनुपरेको पाइयो।

कैलारी गाउँपालिकाले पनि अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधी २०७५ अनुसार परिचयपत्र वितरण गर्दै आएको छ। यद्यपि, स्रोत साधनको अभाव र खण्डीकृत तथ्यांकको अभावले गर्दा काममा ढिलासुस्ती भइरहेको छ। गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिहरूका लागि विभिन्न कार्यक्रमहरूको

योजना बनाए पनि आफ्नै अपाङ्गता सम्बन्धी नीति निर्माणमा पछि परेको छ । तथापि, स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार संघीय तहबाट प्राप्त सेवाहरू उपलब्ध गराउने कार्यमा पालिका सक्रिय छ ।

गोदावरी नगरपालिकाले पनि अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरण कार्यविधि २०७५ लागू गरी कार्यान्वयनमा ल्याएको छ । यद्यपि, स्रोतसाधनको कमीका कारण खण्डीकृत तथ्यांक राख्न कठिनाइ भएको छ । लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८ पनि नगरपालिकामा लागू गरेको पाइयो जसअनुसार विभिन्न कार्यक्रमको निर्णय कार्यपालिकाबाट हरेक वर्ष गरिँदै आएको पाइयो ।

नीतिगत रुपमा विश्लेषण गर्नुपर्दा दुईवटै प्रदेशहरुको पाँचवटै स्थानीय तहहरुमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐन २०७४ (पहिलो संशोधन २०७५) मा गरिएको व्यवस्थाअनुरूप 'स्थानीय समन्वय समिति'को गठन गरी सक्रिय रहेको पाइयो । यद्दपि यो समितिको क्षेत्राधिकार विद्दमान ऐनमा परिकल्पना गरिएअनुरूप बृहत् हुँदाहुँदैका बाबजुत पनि परिचयपत्र वितरण कार्यविधिका आधारमा निर्देशित भएर परिचालन भएको पाइयो । अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी कुनै पनि उल्लेखित पाँचवटा स्थानीय तहहरुले छुट्टै अपाङ्गता विशिष्ट स्थानीय ऐन, नीति तथा कार्यविधि निर्माण गरेको पाइएन ।

### ३.३.२ संस्थागत संरचना र प्रभावकारिता

वीरेन्द्रनगर नगरपालिका र अन्य स्थानीय तहहरूमा अपाङ्गता भएका व्यक्तिहरूका मुद्दा सम्बोधन गर्न र समावेशीकरणलाई सुनिश्चित गर्न बनाइएको संस्थागत संरचना प्रभावकारी देखिन्छ । वीरेन्द्रनगर नगरपालिकामा १६ वटा वडा स्तरीय र १ नगरस्तरीय अपाङ्गता सञ्जालहरूको स्थापना गरिएको छ जसले अपाङ्गता भएका व्यक्तिहरूको मुद्दाहरू उठान गर्न, स्थानीय योजना निर्माण प्रक्रियामा सहभागी गराउन, र सामाजिक कार्यक्रमहरूमा उनीहरूको सहभागिता सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् । यस्ता सञ्जालहरूले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धन गर्न विभिन्न संघसंस्थाहरुसँगको सहकार्यमा सुधार ल्याएका छन् जुन प्रभावकारी देखिन्छ ।

बराहताल गाउँपालिकामा पनि अपाङ्गता भएका व्यक्तिहरूको मुद्दामा संस्थागत संरचना र कार्यसम्पादनको महत्त्वपूर्ण भूमिका रहेको छ । कैलारी गाउँपालिकामा उपप्रमुख संयोजक रहेको समितिले अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण र मासिक बैठकहरू सञ्चालन गर्दै आएको छ । यद्यपि, भौगोलिक कठिनाइका कारण सबै सदस्यहरूको नियमित उपस्थिति चुनौतीपूर्ण छ जसले बैठक र कार्यक्रम कार्यान्वयनमा केही ढिलाइ गरेको छ । अपाङ्गता समन्वय समिति र सञ्जालहरूको सक्रियताले समन्वय र सहयोगमा सुधार ल्याएको देखिन्छ । तर संस्थागत दक्षता अझ सुधार गर्नुपर्ने आवश्यकता छ ।

भजनी नगरपालिकामा अपाङ्गता समन्वय समितिले प्रत्येक महिनाको ४ गते मासिक बैठक राखी परिचयपत्र वितरणलाई प्राथमिकता दिएको छ । यसले अपाङ्गता भएका व्यक्तिहरूको पहिचान र उनीहरूको

आवश्यकतामा ध्यान पुर्‍याएको छ, तर स्रोतसाधनको अभावका कारण पूर्णरूपमा काम हुन सकेको छैन। यस्तै, गोदावरी नगरपालिकामा पनि उपमेयर संयोजक रहेको समिति छ, जसले मासिक बैठक गरी परिचय पत्र वितरणमा सक्रियता देखाएको छ ।यो संरचनागत व्यवस्थाले विभिन्न पालिकाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको मुद्दालाई उठान गर्न, उनीहरूको हकअधिकारको सुनिश्चितता गर्न र सामाजिक समावेशीकरणको प्रक्रियालाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेलेको छ। यद्यपि, स्रोत साधन र भौगोलिक चुनौतीका कारण केही समस्याहरू देखा परेका छन्, जसले गर्दा संस्थागत प्रभावकारिता अझै सुधार गर्नुपर्ने देखिन्छ ।

संस्थागत् संरचना र तीनको प्रभावकारीताको सन्दर्भमा पाँचवटै स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐन २०७४ (पहिला संशोधन २०७५) मा व्यवस्था गरिए बमोजिम नै स्थानीय तहको उपमेयर तथा उपाध्यक्षको संयोजकत्वमा ११ सदस्यीय स्थानीय समन्वय समिति क्रियाशील रहेको पाइयो । यद्दपि, ती स्थानीय समन्वय समितिमा अपाङ्गता भएका व्यक्तिहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सदस्यहरुमा भने अधिकांश शारीरिक अपाङ्गता भएका व्यक्तिहरु मात्र रहेको पाइयो जसका कारण न्यून प्रतिनिधित्व रहेका अपाङ्गता भएका व्यक्तिहरु विशेषत: पूर्ण अशक्त, अति अशक्त, श्रवण, दृष्ट्रिविहिन, वौद्दिक, मनोसामाजिक, अटिज्म, तथा अन्य वर्ग, जातजाति, लिङ्गका अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्वमा कमी रहेको पाइयो । स्थानीय समन्वय समिति बाहेकका अन्य कुनै पनि प्रकारका संयन्त्रहरु निर्माण गरेको पाइएन । यद्दपि केहि स्थानीय तहहरु जस्तै – गोदावारी र वीरेन्द्रनगर नगरपालिकामा भने नगरस्तरीय तथा वडास्तरिय सञ्जाल निर्माण गरेको पाइयो । तीनको प्रभावकारीतामा भने अझै पनि कमी रहेको पाइयो ।

### ३.३.३ योजना तर्जुमा तथा कार्यान्वयन

वीरेन्द्रनगर नगरपालिका र अन्य स्थानीय तहहरूमा अपाङ्गता भएका व्यक्तिहरूका लागि योजना तर्जुमा र कार्यान्वयनको क्रममा विविधता पाइन्छ । वीरेन्द्रनगर नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरूका सुझाव तथा सिफारिसलाई ध्यानमा राखेर योजना निर्माण गरिएको छ जसमा परिचयपत्र वितरण, क्षमता विकास तालिम र आयआर्जन कार्यक्रमहरू समावेश छन् । आर्थिक वर्ष २०८०/८१ मा ७ लाख रुपैयाँ बजेट छुट्याइने निर्णयले यस क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूका लागि सहयोगी कार्यक्रमहरूलाई थप सशक्त बनाउन योजना रहेको देखिन्छ । स्थानीय समन्वय समितिले विभिन्न कार्यक्रमहरूको कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइयो ।

बराहताल गाउँपालिकामा प्रत्यक्ष योजनाहरू नभए पनि समग्र बजेटका आधारमा विभिन्न कार्यक्रमहरू जस्तै बंगुर र बाख्रापालन, न्यानो कपडा वितरण, र अपाङ्गता दिवसको आयोजनामा बजेट विनियोजन गरिएको छ । यद्यपि, बजेट सीमितता एक चुनौती हो, जहाँ वार्षिक ५० हजारदेखि १ लाख रुपैयाँसम्म मात्र विनियोजन गरिएको छ जसले कार्यक्रमहरूको प्रभावकारितामा सीमितता ल्याउँछ ।

भजनी नगरपालिकामा योजना निर्माण प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका प्रतिनिधिहरूसँगको छलफललाई प्राथमिकता दिइएको छ। पछिल्ला तीन वर्षमा नगर र वडास्तरीय बजेटमा अपाङ्गता भएका व्यक्तिहरूका लागि बजेट विनियोजन भएको देखिन्छ। यो पालिकाले अगरबत्ती बनाउने तालिम, अपाङ्गता संघको कार्यालय व्यवस्थापन, र अपाङ्गता भएका महिलाहरूका लागि सिप विकास तालिमजस्ता विशिष्ट कार्यक्रमहरूका लागि बजेट छुट्याएको छ जसले स्थानीय आवश्यकता सम्बोधनमा सकारात्मक प्रभाव पारेको छ।

कैलारी गाउँपालिकामा पनि अपाङ्गता भएका व्यक्तिहरूका लागि योजना निर्माणमा केही कोशीस गरिएको छ। योजना कार्यान्वयनको जिम्मेवारी प्रायः अपाङ्गता भएका व्यक्तिहरूका संघसंस्थामार्फत गरिन्छ। आर्थिक वर्ष २०८०/८१ मा सहायक सामग्री वितरण र अन्तरक्रिया कार्यक्रमहरूका लागि विनियोजित बजेटले यो क्षेत्रमा केही सकारात्मक कदम चालेको देखिन्छ। यद्यपि, तीनको दिगोपना र प्रभावकारितामा भने खासगरी स्रोत र बजेटको अभावका कारण अझै पनि सीमितता रहेको पाइयो।

गोदावरी नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकताका आधारमा योजना निर्माणमा ध्यान दिइएको पाइयो। बजेट विनियोजनको क्रममा आयआर्जन कार्यक्रमहरू, सहायक सामग्री वितरण, शैक्षिक सामग्री वितरण, र हेल्प डेस्क सञ्चालनका लागि विनियोजन गरिएको बजेटले अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तर सुधार्न प्रयास गरिएको देखिन्छ। यद्यपि, स्रोत साधनको कमीले गर्दा पूर्ण रूपमा प्रभावकारी योजना कार्यान्वयनमा चुनौती देखिएको छ।

उल्लेखित पाँचवटै स्थानीय तहहरुमा अपाङ्गता भएका व्यक्तिहरुको योजना तर्जुमा र कार्यान्वयनमा केहि सकरात्मक प्रगति देखिएता पनि यसका केहि आधारभूत कुराहरुमा रिक्तता कायम रहेको पाइयो। स्थानीय तहको हरेक आर्थिक वर्षको योजना तर्जुमा सात चरणमा हुने गर्दछ। वार्षिक योजना तर्जुमाको सुझाव संकलनको पहिलो छलफल बस्ती टोल तहको छलफलबाट प्रारम्भ हुने गर्दछ। यसरी योजना तर्जुमा गर्ने सन्दर्भमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित समुदायसँगको छलफल अन्तरगत आवश्यक सम्पूर्ण प्रकारको उपयुक्त अनुकूलता र पहुँचयुक्तताको व्यवस्था गरेको पाइएन जसले गर्दा अति सीमान्तकृत तथा न्यूनप्रतिनिधित्व रहेका अपाङ्गता भएका व्यक्तिहरु अझै पनि योजना तर्जुमा सन्दर्भमा पछाडि रहेको पाइयो। कार्यान्वनको चरणमा पनि सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरु र तीनका प्रतिनिधि संस्थाहरुको अर्थपूर्ण सहभागीतामा कमी रहेको पाइयो।

### ३.३.४ अनुगमन तथा मूल्यांकन

वीरेन्द्रनगर नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरूको अनुगमन तथा मूल्यांकनलाई समन्वय समितिले प्राथमिकतामा राखेको पाइयो। सबै वडामा तथ्यांक संकलन भए पनि संकलित विवरणहरुलाई अद्यावधिक गर्ने काम बाँकी छ जसले समग्र अनुगमन प्रक्रियाको प्रभावकारिता कमजोर बनाएको छ। तथापि, अनुगमन

प्रक्रियामा कम्तिमा एक अपाङ्गता भएका व्यक्तिलाई सहभागी गराउनु सकारात्मक पक्ष हो जसले स्थानीयस्तरमा योजना कार्यान्वयनमा पारदर्शिता र समावेशीकरणको सुनिश्चितता दिन्छ ।

बराहताल गाउँपालिकामा यसअघि अनुगमन र मूल्यांकन प्रणाली नहुनु अपाङ्गता भएका व्यक्तिहरूका कार्यक्रमहरूको प्रभावकारिता मापनमा एक मुख्य चुनौतीको रूपमा देखिएको थियो । यद्यपि, हाल महिला, बालबालिका शाखाको पहलमा यो कार्य सुरु भए पनि केवल परिचयपत्र वितरण र सहयोगी सामग्री प्रदान गर्नमा मात्र सीमित भएको छ । यस पालिकाले सेवा र सहयोगको वितरणमा प्रारम्भिक कदमहरू चालेको संकेत गर्छ । तर गहिरो अनुगमन प्रणालीको अभावले दीर्घकालीन सुधारमा चुनौती प्रस्तुत गरेको छ ।

भजनी नगरपालिकामा अनुगमन र मूल्यांकनको लागि उप-प्रमुखको नेतृत्वमा टोली बनाइएको छ, जसले कार्यक्रमहरूको प्रभावकारिता र सञ्चालन अवस्थाको जाँच गर्ने कार्यलाई सुनिश्चित गरेको छ । यो नियमित अनुगमन प्रणालीले अपाङ्गता भएका व्यक्तिहरूका कार्यक्रमहरूको गुणस्तर सुधार्ने र तीनको कार्यान्वयनलाई सुदृढ गर्ने अपेक्षा राखिएको छ । यद्यपि, कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको अवस्था अझै सुधार्नुपर्ने देखिन्छ ।

कैलारी गाउँपालिकामा अनुगमन र मूल्यांकन समितिमा अपाङ्गता भएका व्यक्तिहरूका संघका प्रतिनिधिहरूको सहभागिता महत्वपूर्ण कदम हो । बाख्रापालन जस्ता कार्यक्रमहरूको अनुगमनले कार्यक्रमको स्थायित्व र वास्तविक प्रभावकारिता बुझ्न मद्दत गरेको छ। तर, प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न अझै थप प्रयास आवश्यक देखिन्छ, विशेषगरी अनुगमनमा निरन्तरता र नियमितता अभाव हुँदा।

गोदावरी नगरपालिकामा अनुगमन र मूल्यांकनलाई व्यवस्थित ढंगले सञ्चालन गरिएको छ। उप-प्रमुख र योजना शाखाको नेतृत्वमा संघ-संस्थाका प्रतिनिधिहरूको सहभागिता अनुगमन प्रक्रियालाई थप सशक्त बनाउने प्रयास हो। तालिमको प्रभावकारिता जाँच्न र तालिमपश्चातको कार्यान्वयनको अवस्था बुझ्न संघ-संस्थाहरूको सहयोग महत्त्वपूर्ण छ, तर दीर्घकालीन सुधारको लागि प्रभावकारी अनुगमनको निरन्तरता आवश्यक देखिन्छ ।

समग्रमा, विभिन्न स्थानीय तहहरूले अपाङ्गता भएका व्यक्तिहरूका कार्यक्रमहरूको अनुगमन र मूल्यांकन प्रणालीमा सुधार ल्याउन थालेका छन्, तर अझै पनि दीर्घकालीन सुधार र प्रभावकारिता सुनिश्चित गर्न थप स्रोत र समन्वय आवश्यक रहेको देखिन्छ । समावेशीताको अनुगमन गरेको पाइदैन जसले गर्दा अति सीमान्तकृत र न्यूनप्रतिनिधित्व भएका अपाङ्गता भएका व्यक्तिहरुको खण्डिकृत तथ्याङ्कलाई मध्यनजर गरेको पाइदैन । आगामी दिनहरुमा समावेशीताको अनुगमन गर्नु अत्यावश्यक देखिन्छ ।

### ३.३.५ क्षमता अभिवृद्धि

वीरेन्द्रनगर नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गर्दै आएका पाइन्छ। यसमा विभिन्न संघसंस्थाहरूको सहकार्यले विशेषगरी क्षमता विकास र आयआर्जनका कार्यक्रमहरूमा महत्त्वपूर्ण भूमिका खेलेको छ। ऋण उपलब्ध गराएर र उद्यमशीलता तालिमहरू सञ्चालन गरी अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक र सामाजिक सशक्तिकरणमा ठोस योगदान पुर्याइएको छ जसले उनीहरूको आत्मनिर्भरता अभिवृद्धि गरेको देखिन्छ।

बराहताल गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, संस्थागत विकास, र सचेतनामूलक कार्यक्रमहरू संघसंस्थासँगको सहकार्यमा आयोजना गरिएको छ। यद्यपि पालिकाले आफैंले ठोस क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न नसक्दा प्रभावकारी परिणाम हासिल गर्न कठिनाइ भएको पाइन्छ। संघसंस्थाको सहयोगको अभावमा गाँउपालिकाको क्षमतामा अझै सुधारको आवश्यकता देखिन्छ।

भजनी नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरूको क्षमता अभिवृद्धिका लागि नगरपालिका र विभिन्न संघसंस्थाहरूको सहकार्यमा योजना माग गर्ने क्षमता विकास कार्यक्रमहरू सञ्चालन हुँदै आएको छ। यस्ता कार्यक्रमहरूले सीमान्तकृत वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई सक्षम बनाउने उद्देश्य राखेको छ। यस प्रकारका तालिमहरू प्रभावकारी भएको र भविष्यमा अझ विस्तार गर्नुपर्ने आवश्यकता छ।

कैलारी गाउँपालिकाले पनि अपाङ्गता भएका व्यक्तिहरूको क्षमता अभिवृद्धि गर्न संघसंस्थामार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको पाइयो। पालिकाले उनीहरूको अधिकारबारे सचेतना फैलाउने कार्यक्रमहरूमा जोड दिएको छ जसले उनीहरूको कानुनी तथा सामाजिक स्थिति सुधार्न मद्दत गरेको छ। तथापि, स्थानीय तहले आफ्नै ठोस योजना र नीति बनाउनेतर्फ अझ ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ।

गोदावरी नगरपालिकामा पनि विभिन्न संघसंस्थाहरूको सहकार्यमा अपाङ्गता भएका व्यक्तिहरूका लागि क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिएको छ। यसमा उनीहरूलाई अधिकार सम्बन्धी तालिम, योजना निर्माण, र समन्वय गर्ने क्षमताको विकासमा सहयोग पुर्याइएको छ। यद्यपि नगरपालिकाले आफ्नै तर्फबाट यस्ता कार्यक्रमहरू सञ्चालन नगरेको देखिन्छ जसले थप जिम्मेवारीको आवश्यकता औंल्याउँछ।

समग्रमा, क्षमता अभिवृद्दिका गतिविधिहरु सकरात्मक देखिएता पनि त्यस्ता क्षमता अभिवृद्दिका क्रियाकलापले अझै पनि अपाङ्गता अवधारणागत बुझाइमा ठूलो चुनौति गरेको पाइन्छ। उल्लेखित सबैजसो क्षमता अभिवृद्दिका गतिविधिहरु अपाङ्गताको अशक्तताको दृष्ट्रिकोण (चीकित्सकिय दृष्ट्रिकोण) र कल्याणकारी अवधारणाबाट बढी निर्देशित भएको पाइयो। यसर्थ, क्षमता अभिवृद्दिका गतिविधिहरुलाई अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धिअनुसार मानवअधिकारमुखी अवधारणाबाट निर्देशित हुनु अत्यावश्यक देखिन्छ।

### ३.३.६ कार्यक्रमहरूको लाभको सुनिश्चितता, अनुगमन, परीक्षण र प्रभाव मूल्यांकन

वीरेन्द्रनगर नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूलाई नीतिगत रूपमा समावेश गर्न विभिन्न सामाजिक विकास समितिहरू र अन्य सम्बन्धित शाखाहरूको समन्वयमा काम गर्दै आएको छ । नगरपालिकाले परिचयपत्र वितरणको साथै आकस्मिक बैठकहरूको आयोजना गरेर सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन प्रयास गरिरहेको पाइयो। पहुँचयुक्त भवन निर्माणको पहलले आगामी दिनमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई सेवा पहुँचमा योगदान पुर्याउने अपेक्षा गरिएको छ।

बराहताल गाउँपालिकामा प्रारम्भमा केवल क र ख वर्गका परिचयपत्र वितरण गरिए पनि हाल पहेँलो र सेतो परिचयपत्रसमेत वितरण गरिन थालेको छ। अपाङ्गता भएका व्यक्तिहरूलाई गाँउपालिकामा प्राथमिकतामा राखेर सेवा प्रदान गर्ने अभ्यासले उनीहरूको पहुँच र सहायतामा सुधार ल्याएको छ। साथै यहि परियोजना मार्फत् दुईवटा स्थानीय संस्थाहरू स्थापना भई अपाङ्गता सम्बन्धी सवालमा पैरवी र संस्थागत विकासमा ठोस भूमिका खेलिरहेको पाइयो।

भजनी नगरपालिकामा सञ्चालन भएका अपाङ्गता सम्बन्धी कार्यक्रमहरूको अनुगमन र मूल्यांकन उपप्रमुख र योजना शाखा प्रमुखको टोलीद्वारा गरिन्छ। यस्ता अनुगमनमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधि संस्थाहरूको पनि संलग्नता हुने गर्दछ जसले अनुगमनको पारदर्शिता र प्रभावकारिता बढाउन महत्त्वपूर्ण योगदान पुर्याएको छ । तर अनुगमन प्रक्रियामा थप सुधार गर्दै यसको प्रभावकारिता अझ सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ।

कैलारी गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिहरूका लागि सञ्चालन गरेका कार्यक्रमहरूबाट सीप विकास र आयआर्जनका अवसरहरू प्रदान गर्न सफल भएको छ। सीप विकासमा सहभागी भएका अपाङ्गता भएका व्यक्तिहरूले समाजमा सम्मानजनक जीवन निर्वाह गर्दै आएको पाइयो जसले उनीहरूको आर्थिक र सामाजिक सशक्तिकरणमा ठोस योगदान पुर्याएको छ।

गोदावरी नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूको लागि स्थानीय तह र अन्य सरोकारवालाहरूको कार्यक्रमको अनुगमन तथा मूल्यांकन उपप्रमुख र योजना शाखा प्रमुखको टोलीद्वारा गरिन्छ। यस अनुगमन प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरू र तिनका प्रतिनिधिहरूलाई पनि समावेश गरिन्छ जसले कार्यक्रमको पारदर्शिता र समावेशीपनलाई सुनिश्चित गर्दछ।

समग्रमा पाँचवटै स्थानीय तहहरुमा कार्यक्रमहरूको लाभको सुनिश्चितता, अनुगमन, परीक्षण र प्रभाव मूल्यांकनको ठोस योजना भएको पाइएन। केहि स्थानीय तहहरुले सकरात्मक पहलकदमी लिएको भएता पनि त्यस्ता कार्यक्रमहरुमा कति जना अति सीमान्तकृत तथा न्यूनप्रतिनिधित्व रहेका अपाङ्गता र महिला

अपाङ्गता भएका व्यक्तिहरुले लाभ लिए भन्ने कुराको ठोस तथ्याङ्क उपलब्ध नभएको पाइयो । यसर्थ, आगामी दिनहरुमा यसमा ध्यान दिनु अत्यावश्यक देखिन्छ ।

**३.३.७ अपाङ्गता भएका व्यक्तिहरूका आधारभूत आवश्यकता र अधिकारको सुनिश्चितता**

वीरेन्द्रनगर नगरपालिकाले स्थानीय तहमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको समस्याको समिक्षा गरी समाधानका लागि स्थानीय समन्वय समितिको नेतृत्वमा विभिन्न संघसंस्थासँग सहकार्य गरेको छ । घरभेट कार्यक्रममार्फत अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता पहिचान गरी तीनको समस्या समाधानमा ध्यान केन्द्रित गरेको पाइन्छ । यो प्रक्रिया स्थानीय तहले सेवा प्रदायकको भूमिकामा आफ्नो भूमिका विस्तार गरेको संकेत गर्दछ ।

बराहताल गाउँपालिकामा अपाङ्गता भएका व्यक्ति, महिला र बालबालिकालाई कार्यक्रमहरूमा समावेश गर्न सक्रिय पहलकदमीहरु लिएको पाइयो । घुम्ती शिविरहरूको सञ्चालनले उनीहरूको सेवासुविधा प्राप्त गर्न सघाएको छ भने खेलकुद र भौतिक संरचना सुधारका कार्यक्रमहरू पनि अगाडि बढाइएको छ । अपाङ्गता भएका व्यक्तिहरूको तथ्यांक संकलनको प्रक्रिया पनि शुरू गरिएको छ जसले उनीहरूको स्थिति अझै स्पष्ट रूपमा बुझ्न मद्दत पुर्याएको छ ।

भजनी नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य, र रोजगारीलाई प्राथमिकतामा राखेर योजना निर्माणको प्रयास गरिरहेको छ । अपाङ्गता भएका व्यक्तिहरूलाई सीप विकास तालिम प्रदान गर्दै आएको छ जसले उनीहरूको आर्थिक र सामाजिक सशक्तिकरणमा महत्त्वपूर्ण योगदान पुर्याएको छ । साथै, अपाङ्गता भएका बालबालिकालाई शैक्षिक सामग्री वितरण गर्दै उनीहरूको शिक्षामा पहूँचको सुनिश्चितता गरेको पाइयो ।

कैलारी गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरूको लागि शिक्षा, स्वास्थ्य र रोजगारीलाई प्राथमिकतामा राखेर योजना निर्माण गर्ने परिपाटी रहेको छ । प्रत्येक वर्ष अपाङ्गता भएका व्यक्तिहरूलाई सीप विकास तालिम प्रदान गरिंदैछ, जसले उनीहरूलाई आत्मनिर्भर बन्न सघाएको छ ।

गोदावरी नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूको साक्षरता, स्वास्थ्य, र रोजगारीलाई प्राथमिकता दिंदै योजना निर्माण गरेको पाइयो । हरेक वर्ष अपाङ्गता भएका व्यक्तिहरूलाई सीप विकास तालिम प्रदान गर्नुका साथै बालबालिकालाई शैक्षिक सामग्रीको सहयोग गरेको छ । संघसंस्थाको सहकार्यमा विविध तालिमहरूको सञ्चालनले अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकासमा सहयोग पुर्याइरहेको छ ।

उल्लेखित पाँचवटै स्थानीय तहहरुमा प्राप्त सूचनाहरुको आधारमा अपाङ्गता भएका व्यक्तिहरुको आधारभूत आवश्यकता र अधिकारको सुनिश्चितताका लागि सकारात्मक पहलकदमीहरु लिएको पाइयो । यद्दपि, विद्दमान

राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी प्रावधानका आधारमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको आधारभूत आवश्यकताहरुको सम्बोधन हुन नसकिरहेको पाइयो। स्थानीय तहहरुमा बसोबास गर्ने न्यूनप्रतिनिधित्व रहेका अपाङ्गता भएका व्यक्तिहरु जस्तै हिमोफिलिया, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुले न्यूनतम नियमित औषधिको अभावमा जोखिमपूर्ण जीवन बाँच्न बाध्य रहेको पाइयो। शिक्षामा पहुँचको पहलकदमी गरिएको भएता पनि उनीहरुका लागि आवश्यक पर्ने पहुँचयुक्त विद्यालय परिषर, कक्षाकोठा, पाठ्यसामाग्री तथा शैक्षिक सामाग्रीहरुको अभाव रहेको पाइन्छ।

### ३.३.८ सिप विकास, उद्यमशीलता, रोजगारी र आय आर्जन अभिवृद्धि

वीरेन्द्रनगर नगरपालिकामा एडीसी र आईएनएफ जस्ता गैरसरकारी संघसंस्थाहरूले अपाङ्गता भएका व्यक्तिहरूका लागि सहायक सामग्री वितरण र क्षमता विकास कार्यक्रम सञ्चालन गरेका छन्। यौन तथा प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य, र उद्यमशीलता तालिममार्फत उनीहरूको सामाजिक र आर्थिक सशक्तिकरणमा टेवा पुर्याइएको छ। यसले अपाङ्गता भएका व्यक्तिहरूको जीवनमा सकारात्मक प्रभाव पारेको छ। यद्यपि यसलाई अझ सुदृढ गर्न थप प्रयास आवश्यक देखिन्छ।

बराहताल गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरूका लागि सिप विकास, उद्यमशीलता, र रोजगारीका केही कार्यक्रम सञ्चालनमा छन्। तर, अधिकांश कार्यक्रमहरू अपाङ्गता नभएका व्यक्तिहरूका लागि मात्र उपयुक्त हुने देखिएको छ। अपाङ्गता भएका व्यक्तिहरूलाई थप समावेश गर्न प्रयास जारी राखिएको छ। तर ठोस नतिजा हासिल हुने गरी कार्यक्रमको कार्यान्वयन हुन बाँकी छ।

भजनी नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूका लागि सिप विकास र आयआर्जनका लागि स्थानीय तह र सरोकारवालाहरूको सहकार्यमा तालिमहरू प्रदान गरेको छ। तरकारी खेती, बाख्रा पालन, र मैनबत्ती बनाउने तालिमहरू जस्ता कार्यक्रमले उनीहरूको आर्थिक सशक्तिकरणमा योगदान पुर्याएको छ।

कैलारी गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिहरूको लागि सिलाई-कटाई, बाख्रा पालन, तरकारी खेती, र बुनाई जस्ता सीप विकास तालिमहरू सञ्चालन गर्दै आएको छ। यी तालिमहरूले उनीहरूको उद्यमशीलता र आयआर्जनको क्षमता बढाउँदै समाजमा उनीहरूको आत्मनिर्भरता विकासमा सघाएको छ।
गोदावरी नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूका लागि सिप विकास र आयआर्जनमा सहयोग पुर्याउने कार्यक्रमहरू सञ्चालन गरेको छ जसले उनीहरूको सम्मानजनक भूमिकामा पनि अभिवृद्धि गरेको देखिन्छ। यद्यपि, यस्ता कार्यक्रमहरूको संख्या सीमित रहेकोले थप विस्तारको आवश्यकता महसुस गरिएको छ।

सबै स्थानीय तहहरुले अपाङ्गता भएका व्यक्तिहरुको सीप विकस, उद्यमशिलता, रोजगारी तथा आयआर्जनमा प्राथमिकता दिएको भएता पनि कुन समुदाय, वर्ग, वा क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरुले ती अवसरहरु प्राप्त गरे भन्ने ठोस अभिलेख छैन। अपाङ्गता भएका व्यक्तिहरुलाई ती अवसरहरुमा पहूँच अभिवृद्दि गर्नका लागि कस्तो प्रकारको पहुँचयुक्त वातावरण र उपयुक्त अनुकूलताको व्यवस्था गरियो भन्ने अभिलेखहरुको अभाव

देखिन्छ । उद्यमशिलता र आयआर्जनका लागि अपाङ्गता भएका व्यक्तिहरुले उत्पादन गरेका वस्तुहरुको बजारीकरणको अभाव पनि रहेको पाइयो ।

### ३.३.९ सामाजिक सुरक्षा तथा विशेष संरक्षण

वीरेन्द्रनगर नगरपालिकाले नेपाल सरकारको नीति अनुसार ‹क› र ‹ख› वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आएको छ । कर्णाली प्रदेश सरकारले पनि अपाङ्गता भएका व्यक्तिहरूका लागि निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरेको पाइयो । हालसम्म, २७१ जना ‹क› वर्ग र ६८९ जना ‹ख› वर्गका अपाङ्गता भएका व्यक्तिहरूले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् जसले उनीहरूको आर्थिक सुरक्षामा योगदान पुर्याएको छ ।

बराहताल गाउँपालिकाले पनि ‘क’ र ‘ख’ वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई मात्र सामाजिक सुरक्षा भत्ता प्रदान गरेको छ । स्थानीय तहले अपाङ्गता भएका व्यक्तिहरूका लागि कुनै विशेष सामाजिक सुरक्षा योजना वा संरक्षण प्याकेज तयार गरेको पाइएन जसले स्थानीय स्तरमा अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक सुरक्षामा केही कमजोरी देखाएको छ ।

भजनी नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरूलाई संघीय तहबाट प्रदान गरिने सामाजिक सुरक्षा सेवाहरू उपलब्ध गराइएको छ । नगरपालिकामा १०१ जना रातो परिचयपत्र र ३७१ जना निलो परिचयपत्र लिने अपाङ्गता भएका व्यक्तिहरूले सामाजिक सुरक्षा सेवाहरू प्राप्त्त गरिरहेको पाइयो । यो सेवाले अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरुको आफ्नो आधारभूत आवश्यकताहरू पूरा गर्न सहयोग पुर्याएको छ ।

कैलारी गाउँपालिकामा पनि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गता परिचयपत्रको आधारमा स्वास्थ्य सेवा, शिक्षा, र अन्य आवश्यक सेवाहरू उपलब्ध गराउने गरिएको छ । यहाँ ५३ जना रातो कार्डधारी र २३८ जना निलो कार्डधारी अपाङ्गता भएका व्यक्तिहरूले सामाजिक सुरक्षा सुविधाबाट लाभ उठाएका छन् ।

गोदावरी नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरूले संघीय सरकारद्वारा प्रदान गरिने सामाजिक सुरक्षा सेवाहरू नगरपालिकामार्फत प्राप्त गरिरहेका छन् । हालसम्म, १०५ जना रातो कार्डधारी र ४७७ जना निलो कार्डधारी अपाङ्गता भएका व्यक्तिहरूले सामाजिक सुरक्षा सेवाबाट लाभ प्राप्त गरेका छन्, जसले उनीहरूको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुर्याएको छ ।

समग्रतामा, सामाजिक सुरक्षा तथा विशेष संरक्षणका सवालहरुमा उल्लेखित पाँचवटै स्थानीय तहहरुले विशेष योजना तथा कार्यक्रमहरु सञ्चालन गरेको पाइएन । सामाजिक सुरक्षा अन्तरगत अपाङ्गता भत्ता प्रदान गर्दै आएको भएता पनि आफ्नो स्थानीय तह मातहतमा बस्ने सबै अपाङ्गता भएका व्यक्तिहरुलाई समेट्न नसकेको पाइयो । अपाङ्गता परिचयपत्र अन्तरगत रातो र निलो परिचयपत्रले मात्रै सामाजिक सुरक्षा भत्ता प्राप्त्त गर्ने

भएकोले स्थानीय तहहरुमा यो सबैभन्दा विवादित र जटिल बन्दै गएको पनि पाइयो । सामाजिक सुरक्षा र विशेष संरक्षण अन्तरगत संघिय सरकारबाट जे सशर्त प्राप्त हुन्छ सोको कार्यान्वयन सँगै आफ्नो स्थानीय तहको आवश्यकताका आधारमा समेत सोसँग सम्बन्धित नीति, कार्यक्रम र योजनाहरु तयार गरिनु आवश्यक हुन्छ ।

### ३.३.१० प्रकोप जोखिम न्यूनिकरण र स्थानिय विपद् व्यवस्थापन

वीरेन्द्रनगर नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूलाई विपद् व्यवस्थापनमा प्राथमिकतामा राख्दै प्रभावकारी कदमहरू चालेको छ । विपद् व्यवस्थापन समितिहरू गठन गरेर अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष व्यवस्था गरिएको छ जसमा अपाङ्गता मैत्री शौचालय निर्माण र विपद् आएको समयमा सुरक्षित स्थानमा आश्रय दिने तयारी राखिएको छ । विपद् व्यवस्थापन सामग्रीहरू तयारी अवस्थामा राखिनुले संकटको समयमा तुरुन्तै सहायता प्रदान गर्न सहज हुने अपेक्षा गरिएको छ ।

बराहताल गाउँपालिकामा गर्भवती महिला, बालबालिका, र अपाङ्गता भएका व्यक्तिहरूलाई विपद् व्यवस्थापनमा प्राथमिकतामा राख्ने भनिए पनि यो नीति प्रभावकारी रूपमा कार्यान्वयन भएको छैन । गाउँपालिकामा प्रकोप जोखिम न्यूनिकरण र विपद् व्यवस्थापनमा सुधारका लागि थप योजना आवश्यक देखिन्छ जसले गर्दा जोखिमको बेला यी समूहहरूलाई आवश्यक सुरक्षा र सहयोग उपलब्ध गराउन सकिनेछ ।

भजनी नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरूलाई प्रकोप जोखिम न्यूनिकरण र विपद् व्यवस्थापनमा प्राथमिकता दिइएको छ । विपद् समयमा अपाङ्गता भएका व्यक्तिहरूलाई तत्काल सहायता उपलब्ध गराउने उद्देश्यले नगरपालिकाले सचेतना कार्यक्रमहरू पनि सञ्चालन गर्दै आएको छ । यसले विपद्को समयमा उनीहरूको सुरक्षालाई सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ ।

कैलारी गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरूको लागि विपद् व्यवस्थापन र प्रकोप जोखिम न्यूनिकरणमा प्राथमिकता दिइएको छ । सचेतना कार्यक्रमहरूको माध्यमबाट उनीहरूलाई विपद्को समयमा उचित तयारी र सुरक्षा उपायहरूको जानकारी दिइएको छ जसले विपद्को प्रभावलाई कम गर्न सहयोग पुर्‍याएको छ ।

गोदावरी नगरपालिकाले पनि प्रकोप जोखिम न्यूनिकरण र विपद् व्यवस्थापनमा अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष प्राथमिकता दिएको छ । विपद् आएको बेला प्राथमिकताका आधारमा उनीहरूको सुरक्षा र उद्धारका लागि उचित कदम चालिएको छ जसले गर्दा संकटमा परेका व्यक्तिहरूलाई सुरक्षित राख्न मद्दत मिलेको छ ।

समग्रमा, स्थानीय तहहरुले अपाङ्गता भएका व्यक्तिहरुलाई स्थानीय विपद् व्यवस्थापनका गतिविधिहरुमा प्राथमिकतामा राखेको पाइएता पनि उनीहरुको त्यस्ता संयन्त्रहरुमा प्रत्यक्ष सहभागीता र प्रतिनिधित्व भने नरहेको पाइयो । अपाङ्गता समावेशी विपद् जोखिम न्यूनिकरणका गतिविधिहरु अत्यन्तै न्यून रहेको र अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी उनीहरुको खण्डिकृत तथ्याङ्कहरु समेत नराखेको पाइयो । अपांगतामैत्री विपद् योजना निर्माण, पूर्व तयारी र व्यवस्थापन सम्वन्धमा सबै स्थानीय तहमा ध्यान पुगेको देखिदैन ।

## ३.४ निष्कर्ष तथा सिफारिसहरु (Conclusion and Recommendations)

### ३.४.१ निश्कर्ष (Conclusion)

उल्लेखित पाँचवटै स्थानीय तहहरुलाई तोकिएको मापनका प्रमूख सूचकहरुको आधारमा तुलना गर्दा कर्णाली प्रदेश अन्तरगत सुर्खेत जिल्लाको सदरमुकाम वीरेन्द्रनगर नगरपालिका प्रगतिशील देखिन्छ । अपाङ्गता समावेशीकरणको स्थानीयकरणलाई निकै उदाहरणीय योगदान पुर्याएको देखिन्छ। त्यसैगरी सुदुरपश्चिम प्रदेशको कैलाली जिल्ला अन्तरगत भजनी नगरपालिकाले पनि अपाङ्गता समावेशीकरणको स्थानीयकरणलाई प्रवर्द्धन गर्दै निकै नै सकरात्मक पहलकदमीहरु लिएको पाइन्छ । तर, बाँकी रहेका नगरपालिका वा गाउँपालिकाहरु विभिन्न चुनौतिहरुका कारण धेरै फड्को मार्न सकिरहेको पाइएन ।

वीरेन्द्रनगर नगरपालिका अपाङ्गता भएका व्यक्तिहरूका लागि नीतिगत, संस्थागत, र कार्यक्रमगत रूपमा विभिन्न प्रयासहरू गरिरहेको छ । नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्न र उनीहरूको आवश्यकता सम्बोधन गर्नका लागि विविध कार्यक्रम र योजनाहरू लागू गर्दै आएको छ जसले समग्रमा उनीहरूको जीवनस्तर सुधारमा सहयोग पुर्याउने प्रयास गरेको छ । यद्यपि, अझ प्रभावकारी परिणाम हासिल गर्नका लागि थप स्रोत साधन र तथ्यांकको आवश्यकता छ । बराहताल गाउँपालिकाले पनि अपाङ्गता भएका व्यक्तिहरूका लागि नीति निर्माण योजना कार्यान्वयन, र समन्वय प्रयासमा महत्वपूर्ण भूमिका खेलेको छ । तर भौगोलिक चुनौती बजेटको अभाव र संस्थागत क्षमतामा सुधारको आवश्यकता विद्यमान छ । विभिन्न संघसंस्थासँगको साझेदारीले कार्यक्रमहरूको प्रभावकारिता बढाउन सहयोग पुर्याइरहेको भए पनि गाउँपालिकाले आफैंले संस्थागत सुधार र सेवा प्रवाहमा थप कदम चाल्न आवश्यक छ । कैलारी गाउँपालिका र गोदावरी नगरपालिकाले पनि अपाङ्गता भएका व्यक्तिहरूका हकहित र अधिकारहरूलाई सम्बोधन गर्दै विभिन्न योजना र सेवाहरू प्रदान गर्दै आएका छन् । यद्यपि यहाँ पनि स्रोत साधनको कमी र प्रभावकारी कार्यान्वयनमा चुनौतीहरू रहेको छ । सबै पालिकाहरूले अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तर उकास्नका लागि प्रयासरत भए पनि थप संकल्प र सहयोगका साथ नै यस क्षेत्रमा समग्र सुधार सम्भव हुनेछ ।

### ३.४.२ सुझावहरु (Recommendations)

यस परिक्षणबाट प्राप्त सूचनाहरु र तीनको छोटकरीमा गरिएको विश्लेषणको आधारमा निम्नबमोजिमका सुझावहरु सिफारिस गरिन्छ –

- **स्थानीय सरकार (निर्वाचित जनप्रतिनिधि, सम्बन्धित शाखा तथा उपशाखा वा कर्मचारी संयन्त्र) लाई सुझावहरु**
  - स्थानीय सरकारले अपाङ्गता समावेशीकरणका लागि केहि सकरात्मक पहलकदमी गरेको भएता पनि ती पर्याप्त देखिदैनन् । यसर्थ, सर्बप्रथमत: स्थानीय सरकारले अपाङ्गताको सवालमा काम गर्नका लागि आफैं अपाङ्गताको मानवअधिकारमूखी अवधारणाबाट प्रशिक्षित हुन आवश्यक कदमहरु चाल्नु पर्दछ ।

- स्थानीय सरकारले आफ्नो नीति तथा योजना तर्जुमा, बजेट निर्माण र कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको सन्दर्भमा अपाङ्गताको सवाललाई खासै प्राथमिकता दिएको पाइएन । त्यसैले, स्थानीय सरकारले विद्मान ऐन, नीति तथा निर्देशीकाको प्रभावकारी कार्यान्वयनका लागि अपाङ्गताको सवाललाई उच्च प्राथमिकतामा राखी सोहि अनुरुप ठोस नीति, बजेट तथा कार्यक्रमको तर्जुमा गर्नुपर्दछ ।
- अपाङ्गता भएका नागरिकहरु पनि अन्य नागरिक सरह भएकोले स्थानीय तहको ७ चरणको योजना तर्जुमामा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको अनिवार्य पूर्ण र प्रभावकारी सहभागीताको सुनिश्चित गर्नुपर्दछ ।
- स्थानीय तहको नीति, बजेट तथा कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन, अनुगमग तथा मूल्याङ्कनमा अपाङ्गता भएका व्यक्ति तथा तीनका प्रतिनिधि संघसंस्थाहरुको सहभागीताको सन्दर्भमा त्यसभित्रको विविधतालाई खासै ध्यान दिएको पाइएन । त्यसैले, त्यस्ता प्रक्रियाहरुमा अपाङ्गताभित्र पनि विशेषत: अति सीमान्तकृत तथा न्यूनप्रतिनिधित्व रहेका अपाङ्गता भएका व्यक्तिहरु विशेषत: श्रवण-दृष्ट्रिविहीन, वौद्दिक, अटिज्म तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरु, आदिवासी, दलित, मधेशी, मुस्लिम, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, पूर्णअशक्त, अतिअशक्त तथा आर्थिक रुपमा विपन्न वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष अवसर प्रदान गर्नुपर्दछ ।
- स्थानीय सरकार र यसको कर्मचारी संयन्त्रले जसरी लैङ्गिक उत्तरदायी बजेटलाई अनिवार्य पालना गर्नुपर्ने नीतिगत मान्यताका आधारमा कार्यान्वयन गर्दै आइरहेको छ त्यसरी नै अपाङ्गताको सवाललाई पनि आवश्यक पहलकदमी लिनु अनिवार्य छ ।

■ **स्थानीय समन्वय समितिलाई सुझावहरु**

- स्थानीय समन्वय समिति सर्वाधिकार सम्पन्न स्थानीय तहको सबैभन्दा उच्चस्तरीय राज्यको संयन्त्र भएकोले आफ्नो क्षेत्राधिकारलाई पूर्ण रुपमा प्रयोग गरी सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको अधिकारलाई थप प्रवर्द्दन गर्नका लागि 'अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि स्थानीय नीति' को तर्जुमा गरी काम गर्नु गर्नुपर्दछ ।
- स्थानीय समन्वय समितिको कार्यक्षेत्र व्यापक भएकोले अपाङ्गता भएका व्यक्तिहरुको खण्डिकृत तथ्याङ्कको अभिलेख राख्ने, स्थानीय सरकारबाट प्रदान गर्ने सेवासुविधाहरुको बारेमा पहुँचयुक्त संरचनामा सूचनाहरु प्रवाह गर्ने लगायत सर्वाङ्गिण विकासका कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ।
- स्थानीय समन्वय समितिले स्थानीय नीति, योजना तर्जुमा, बजेट निर्माण र कार्यक्रमहरुको कार्यान्वयन गर्ने सन्दर्भमा अपाङ्गता भएका व्यक्तिहरुको वास्तविक आवश्यकताको पहिचान गरी तीनको सम्बोधनको सुनिश्चित गर्ने, उनीहरुको पूर्ण र प्रभावकारी सहभागीता तथा प्रतिनिधित्वको लागि आवश्यक सम्पूर्ण प्रकारको पहलकदमीहरु लिनुपर्दछ ।

- स्थानीय तहको नीति, बजेट तथा कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन, अनुगमग तथा मूल्याङ्कनमा अपाङ्गता भएका व्यक्ति तथा तीनका प्रतिनिधि संघसंस्थाहरुको सहभागीता र प्रतिनिधित्वको सन्दर्भमा त्यसभित्रको विविधतालाई विशेष ध्यान राखी अपाङ्गताभित्र पनि विशेषत: अति सीमान्तकृत तथा न्यूनप्रतिनिधित्व रहेका अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष अवसर प्रदान गर्नुपर्दछ।
- स्थानीय समन्वय समितिले आफ्नो स्थानीय तहमा बन्ने सबै प्रकारका सार्वजनिक भौतिक संरचनाहरु सबै प्रकारका प्रयोगकर्ताहरुका लागि सर्वमान्य ढाँचामा आधारित सबैका लागि पहुँचयुक्त बनाउन सुनिश्चित गर्नुपर्दछ।
- स्थानीय समन्वय समितिले अपाङ्गता सम्बन्धि व्यापक क्षमताअभिवृद्दि, सीप विकास, रोजगार तथा उद्यमशीलता, सचेतना अभिवृद्दि, स्वास्थ्य, शिक्षा र जीविकोपार्जनका गतिविधिहरु सञ्चालन गर्नुपर्दछ।

- **प्रादेशिक तथा संघीय सरकारलाई सुझावहरु**
  - विद्दमान कानुनी संरचनानुसार संघीय संरचनमा तीनै तहका सरकारहरु एकअर्काप्रति अन्तरनीहित र अन्तरसम्बन्धित भएकोले तीनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहकार्य, समन्वय तथा सुपरिवेक्षण गर्नुपर्ने आवश्यक देखिन्छ।
  - स्थानीय सरकारसँग मात्रै अपाङ्गता भएका व्यक्तिहरुको सवाललाई सम्बोधन गर्न यथेष्ट स्रोतसाधन तथा बजेट नहुने भएकोले प्रादेशीक सरकार र संघीय सरकारले पनि सोहि रुपमा सहयोग गर्नुपर्ने आवश्यकता देखिन्छ।
  - संघीय सरकार र प्रादेशीक सरकार विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धी, सम्झौता तथा प्रतिवद्दताहरुलाई कार्यान्वयन गर्नुपर्ने र राज्यका तर्फबाट तीनको प्रतिवेद समेत बुझाउनु पर्ने कानुनी, राजनीतिक तथा नैतिक दायित्व भएकोले स्थानीय सरकारले त्यस्ता प्रतिवद्दताहरुको कार्यान्वियन गरे नगरेको पनि समयसमयमा व्यवस्थित रुपमा अनुगम तथा आवश्यक सहयोग, सहजीकरण गर्नुपर्ने आवश्यकता देखिन्छ।

- **अपाङ्गता भएका व्यक्ति तथा तीनका प्रतिनिधि संघसंस्थाहरुलाई सुझावहरु**
  - अपाङ्गता भएका व्यक्तिहरु र तीनका प्रतिनिधि संस्थाहरु आफूहरु संगठित हुँदै आफ्नो अधिकारका बारेमा जागरुक बनेर स्थानीय तहका सबै सरोकारवाला निकायहरुलाई अपाङ्गता समावेशीकरणको सवालमा थप सचेतीकरण गर्नुपर्दछ।
  - स्थानीय तहमा अपाङ्गता अधिकारको सवालमा अपाङ्गता भएका व्यक्ति र तीनका प्रतिनिधि संस्थाहरु नै सबैभन्दा पहिलो हकवाला भएको हुनाले अपाङ्गतासँग सरोकार राख्ने जनुसुकै विषयवस्तुमा आफ्नो अनिवार्य सहभागीता र प्रतिनिधित्वको दाबी गर्नुपर्दछ।

- अपाङ्गता भएका व्यक्ति तथा तीनका परिवारहरुले आफ्ना आवस्यकताहरुलाई सम्बोधन गर्नका लागि आफ्नो स्थानीय सरकारसँग आवश्यक लवि तथा पैरवीहरुलाई निरन्तरता दिनुपर्दछ ।

- **नागरिक समाज, सञ्जाल र विकास साझेदारहरुलाई सुझाव**
  - स्थानीय तहमा विभिन्न विधागत वा विषयगत क्षेत्रमा काम गर्ने जुनसुकै नागरिक समाज, सञ्जाल र विकासका साझेदारहरुले अपाङ्गताको सवाललाई उनीहरुको मुलप्रवाहीकरणको मुद्दा बनाइ काम गर्नुपर्दछ ।
  - नागरिक समाज, सञ्जाल र विकासका साझेदारहरुले स्थानीय तहमा काम गर्दा अनिवार्य रुपमा अपाङ्गता भएका व्यक्तिका प्रतिनिधि संघसंस्थाहरुसँग साझेदार गरी काम गर्नु पर्दछ ।
  - नागरिक समाज, सञ्जाल र विकासका साझेदारहरुले स्थानीय तहमा काम गर्दा स्थानीय सरकारलाई अपाङ्गता समावेशीताको सवालमा सचेतीकरण गर्ने, खबरदारी गर्नुपर्दछ ।

# अनुसुची १: प्रमुख सूचक र उपसूचकहरुसहितको परिक्षण सूची फाराम

**परिक्षणसुची भर्ने व्यक्तिको नामः ..............................................................**

**पदः .....................सम्पर्क नं. : ........................ फाराम भरेको मितिः ...............**

**परिक्षण गरिएको स्थानीय तहको नामः.............................................................**

| प्रमुख सूचक र उपसूचकहरु तथा परिक्षण सूची (चेकलिष्ट) | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **सूचक** | **छ** | **छैन** | **यदि छ भने सोसँग सम्बन्धित आधार, विवरण वा प्रमाणहरु** |
| **१.** | **नीतिगत व्यवस्था** | | | |
| १.१ | स्थानीय तहले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बोधनका लागि आवश्यक छुट्टै स्थानीय नीतिगत व्यवस्था गरेको छ ? | | | |
| १.२ | अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसँग सम्बन्धित संघिय, प्रादेशिक र स्थानीय तहले आफै तयार गरेका नीतिगत व्यवस्थाहरुको कार्यान्वयन भए नभएको नियमित अनुगमन हुने गरेको छ ? | | | |
| १.३ | के अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसँग सम्बन्धित स्थानिय तहले आफै तयार गरेका नीतिगत व्यवस्थाहरुको समयानुकुल पुनरावलोकन तथा संशोधन भएको छ ? | | | |
| १.४ | के स्थानीय तहले तयार गर्ने अपाङ्गतासँग सम्बन्धित नीतिगत व्यवस्थाहरुको निर्माण, त्यस्ता नीतिगत व्यवस्थाहरुको अनुगमन, पुनरावलोकन तथा संशोधनसँग सम्बन्धित प्रक्रियाहरुमा अपाङ्गता भएका व्यक्ति तथा तीनका प्रतिनिधि संघसंस्थाहरुको सहभागिता हुने गरेको छ ? | | | |
| १.५ | के स्थानीय तहका नीति निर्माण, कार्यान्वयन र त्यसको पुनरावलोकलन तथा लाभ वितरणमा अपाङ्गता भएका व्यक्तिहरुको समावेशी प्रतिनिधित्व र नेतृत्व अभ्यासमा छ ? | | | |

| | | | | |
|---|---|---|---|---|
| **२** | **संस्थागत् संरचना र प्रभावकारिता** | | | |
| २.१ | स्थानीय तहमा अपाङ्गतासँग सम्बन्धित विशिष्टीकृत समिति, शाखा र तोकिएको सम्पर्क व्यक्तिको नीतिगत व्यवस्था छ ? के सो व्यवस्थाको कार्यान्वयन भएको छ ? | | | |
| २.२ | स्थानीय तहमा अपाङ्गतासँग सम्बन्धित विशिष्टीकृत समिति, शाखा र तोकिएको सम्पर्क व्यक्तिको गठन तथा नियुक्तिमा समावेशीता छ? के उक्त समावेशितामा अपाङ्गताभित्रको पनि अतिसिमान्तकृत तथा न्यूनप्रतिनिधित्व[1] रहेका वर्ग वा समूहका व्यक्ति वा तीनका प्रतिनिधि संघसंस्थाहरुको[2] समावेशीता छ? | | | |
| २.३ | स्थानीय तहमा अपाङ्गतासँग सम्बन्धित गठन भएका वा रहेका संस्थागत संरचनाहरु क्रियाशिल रहेको र सोको प्रभावकारिता रहेको छ ? | | | |
| २.४ | स्थानीय तहमा अपाङ्गतासँग सम्बन्धित गठन भएका वा रहेका संस्थागत संरचना, जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि अपाङ्गताका सवालमा प्रभावकारी काम गर्नका लागि क्षमता विकासका अवसरहरु प्राप्त भएको छ ? | | | |
| **३** | **योजना तर्जुमा तथा कार्यान्वयन** | | | |
| ३.१ | स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिहरुको नीति, कार्यक्रम, योजना तथा बजेट तर्जुमा प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरु र तीनका प्रतिनिधि संघसंस्थाहरुको पनि सहभागिता हुने गरेको छ ? | | | |
| ३.२ | स्थानीय तहको नीति, योजना, कार्यक्रम तथा बजेट निर्माण प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरुको सहभागीता समावेशी, प्रभावकारी र नेतृत्वदायी हुने गरेको छ ? | | | |
| ३.३ | स्थानीय तहमा गठन हुने विभिन्न समितिहरु, टोल विकास समिति, उपभोक्ता समिति, व्यवस्थापन समिति जस्ता संरचनाहरुको निर्णायक पद र जिम्मेवारी वा नेतृत्वमा अपाङ्गता भएका व्यक्तिहरुको पनि उपस्थिति छ ? | | | |

[1] *अति सिमान्तकृत तथा न्यूनप्रतिनिधित्व रहेका अपाङ्गता भएका व्यक्तिहरु भन्नाले अपाङ्गताभित्र पनि विशेष गरी अपाङ्गताको मूलधारबाट बाहिर पारिएका अपाङ्गता भएका व्यक्तिहरु जस्तै – आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, अन्य लोपोन्मूख वा अल्पसंख्यक समुदायका अपाङ्गता भएका व्यक्तिहरु, अपाङ्गता भएका महिलाहरु, श्रवण-दृष्ट्रिविहीन, वौद्दिक अपाङ्गता, अटिज्म, बहिरा, पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरु, अल्विनो भएका व्यक्तिहरु, होचापुड्का, आदिलाई जनाउँछ ।*

[2] *'प्रतिनिधि संघसंस्था' भन्नाले सिआरपीडिको व्याख्यात्मक टिप्पणी ७ ले परिभाषित गरेअनुसार सम्बन्धित अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो बहुमत रहनेगरी सम्बन्धित मुद्दा वा सवाललाई प्रतिनिधित्व गर्नेगरी खोलिएका संघसंस्थालाई बुझ्नुपर्दछ ।।*

| | | | | |
|---|---|---|---|---|
| ३.४ | स्थानीय तहमा गठन हुने विभिन्न समिति, टोल विकास समिति, उपभोक्ता समिति, व्यवस्थापन समिति जस्ता संरचनाहरुमा अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता र नेतृत्व समावेशी छ ? | | | |
| ३.५ | स्थानीय तहको सात चरणको वार्षिक सहभागितात्मक योजना निर्माण प्रक्रियामा अपाङ्गता भएका व्यक्ति तथा तीनका प्रतिनिधि संघसंस्थाहरुको समावेशी सहभागिताको व्यवस्था सुनिश्चित गरी अभ्यास गरिएको छ ? | | | |
| ३.६ | स्थानीय तहमा बनेका सार्वजनिक भवन, कार्यालय, सेवा प्रदायक स्थल तथा संरचनाहरु सर्वमान्य ढाँचाका सिद्वान्तहरुमा आधारित रही सबैका लागि पहुँचयुक्त, सुरक्षित र लैंगिकमैत्री छन् ? | | | |
| ३.७ | स्थानीय तहले अपाङ्गता भएका व्यक्तिहरुका संघसंस्थाहरु, संजाल तथा अपाङ्गताको सवालमा क्रियाशिल अन्य नागरिक समाजका संघसंस्थाहरुसँग समन्वय, सहकार्य तथा साझेदारी गरिरहेको छ ? | | | |
| ३.८ | सबै प्रकारका अपाङ्गता भएका नागरिकहरुले आफ्नो अपाङ्गता अनुसारको परिचय पत्र र सो अनुसार सेवा, सुविधा र विशेष (लक्षित) कार्यक्रमहरु प्राप्त गरेका छन् ? | | | |
| **४.** | **अनुगमन तथा तथ्याङ्क** | | | |
| ४.१ | स्थानीय तहमा आफ्नो भुगोलभित्रका सबै सामाजिक तथा साँस्कृतिक पृष्ठभूमी भएका (जस्तै, जात, जातियता, वर्ण, लैङ्गिकता, धर्म, उमेर, भूगोल, थातथलो, आर्थिक अवस्था लगायत अन्य विभिन्न पृष्ठभूमी) का अपाङ्गता भएका व्यक्तिहरुको खण्डीकृत तथ्याङ्क छ ? | | | |
| ४.२ | स्थानीय तहमा यसरी अपाङ्गता भएका व्यक्तिहरुको खण्डिकृत तथ्याङ्क लिँदा वासिङ्टन समूहको छोटो प्रश्नावलीहरुको समूह[3]का आधारमा लिइएको छ वा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐन २०७४ (पहिलो संशोधन २०७५) ले परिभाषित र वर्गीकरण[4] गरिएको आधारमा लिइएको छ । | | | |

[3] *https://www.washingtongroup-disability.com/*

[4] *अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐन २०७४ (पहिलो संशोधन २०७५) अनुसार अशक्तताको प्रकृतिका आधारमा १० प्रकार र अशक्तताको गाम्भिर्यताको आधारमा ४ वर्ग (क – रातो, ख – निलो, ग – पहेँलो र घ – सेतो परिचयपत्र)*

| | | | | |
|---|---|---|---|---|
| ४.३ | अपाङ्गता भएका व्यक्तिहरुको खण्डीकृत तथ्याङ्क नियमित संकलन तथा अद्यावधिक गर्ने गरिएको छ ? | | | |
| ४.४ | स्थानीय तहले कार्यान्वयन गरेका योजनाहरुको अनुगमनमा अपाङ्गता भएका व्यक्तिहरु तथा तीनका प्रतिनिधि संघसंस्थाहरु वा उनीहरुको सवालमा काम गर्ने संघसंस्थाहरु र विज्ञहरुको सहभागिता हुने गरेको छ ? के त्यस्तो सहभागिता समावेशी हुने गरेको छ? | | | |
| **५.** | **क्षमता अभिवृद्दि** | | | |
| ५.१ | नीति निर्माण तथा कार्यन्वयन तहमा रहेका अपाङ्गता भएका व्यक्तिहरु तथा तीनका प्रतिनिधि संघसंस्थाहरुको क्षमता अभिवृद्धिको लागि नियमित कार्यक्रम भएको छ ? | | | |
| ५.२ | स्थानिय तहभित्रका विभिन्न सामाजिक तथा साँस्कृतिक पृष्ठभूमीका अपाङ्गता भएका व्यक्तिहरु (जात, जातियता, वर्ग, वर्ण, लैङ्गिकता, क्षेत्रियता, भूगोल, थातथलो, आर्थिक अवस्था वा अशक्तताको प्रकृति वा गाम्भिर्यता वा अन्य) को क्षमता अभिवृद्धिको लागि नियमित कार्यक्रम र उनीहरुको समावेशी सहभागिता (अपाङ्गताको अशक्तता, सामाजिक विविधता र लैङ्गिकता, गाम्भिर्यता) भएको छ ? | | | |
| ५.३ | सबै प्रकारका अपाङ्गता भएका महिलाहरुको लागि विशेष क्षमता अभिवृद्धिका कार्यक्रमहरु गरिएका छन् ? | | | |
| ५.४ | स्थानीय तहले आयोजना गर्ने विभिन्न तालिम, गोष्ठी, सचेतना वा कार्यक्रमहरुमा अपाङ्गतासँग सम्बन्धित विषयवस्तुहरुलाई संवेदनशील भइ विशेष र प्रभावकारी रुपमा समावेश गरिएको छ? वा आवश्यकता अनुसार अपाङ्गता लक्षित विशेष कार्यक्रमहरु समेत आयोजना भएको छ ? | | | |
| ५.५ | स्थानीय तहले आयोजना गर्ने विभिन्न तालिम, गोष्ठी, सचेतना वा कार्यक्रमहरुमा अपाङ्गताको सवालसँग सम्बन्धित विषयवस्तुहरुलाई संवेदनशील भइ आवश्यकता अनुसार अपाङ्गता लक्षित विशेष कार्यक्रमहरु समेत आयोजना भएको छ ? | | | |

| | | | | |
|---|---|---|---|---|
| **६. कार्यक्रमहरुको लाभको सुनिश्चितता** | | | | |
| ६.१ | स्थानीय तहको योजना तथा कार्यक्रमहरुबाट सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुले उनीहरुको आधारभुत आवश्यकता तथा अधिकारको सम्बोधनका लागि लाभ प्राप्त गरिरहेका छन् ? | | | |
| ६.२ | स्थानीय तहको योजना तथा कार्यक्रमहरुबाट विशेषत: अपाङ्गता भएका महिलाहरु, अपाङ्गताभित्र पनि अन्य अति सीमान्तकृत तथा न्यूनप्रतिनिधित्व रहेका अपाङ्गता भएका व्यक्तिहरुले समानुपातिक रुपमा लाभ प्राप्त गरेका छन् ? | | | |
| ६.३ | स्थानीय तहको योजना तथा कार्यक्रमहरुबाट अपाङ्गता भएका व्यक्तिहरु रहेको विविधता सहितको समावेशीतामा कार्यान्वयन भइ तीनको लाभ सबैमा पुगेको छ ? | | | |
| **७.** | **अपाङ्गता भएका व्यक्तिहरुको आधारभुत आवश्यकता र अधिकारको सुनिश्चितता** | | | |
| ७.१ | स्थानीय तहका क्षेत्रगत र विषयगत निकाय तथा विषयगत समितिको कार्य सम्पादन तथा जिम्मेवारीमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको सुनिश्चितता समावेश छ ? | | | |
| ७.२ | स्थानीय तहको नीति, बजेट तथा कार्यक्रमहरुमा अपाङ्गता भएका व्यक्तिहरुको आधारभूत आवश्यकताहरुको सम्बोधन नीतिगत रुपमा गरी सोको कार्यान्वयन गरिएको छ ? | | | |
| ७.३ | अपाङ्गता भएका व्यक्तिहरुको गमनशीलताका लागि अवरोधहरुको पहिचान गरी तीनको सम्बोधनका लागि पहलकदमी लिइएको छ? | | | |
| ७.४ | स्थानीय तहको ऐन, नियम, विनियम, कार्यविधि, निर्देशिका लगायत अन्य दस्तावेजहरुलाई अपाङ्गता समावेशी बनाउन,<br>सबैका लागि पहुँचयुक्त भौतिक संरचनाहरु निर्माण गरी सेवा प्रवाह गर्न र सोसँग सम्बन्धित जानकारीमूलक सूचना प्रवाह गर्न आवश्यक पहल गरिएको छ। | | | |

| | | | | |
|---|---|---|---|---|
| ७.५ | अपाङ्गता भएका व्यक्तिहरुको अधिकार र उनीहरुको आधारभुत आवश्यकता सम्बोधनका लागि स्थानीय तहको नीति, बजेट तथा कार्यक्रममा सुनिश्चितता सहित सो विनियोजित बजेट सम्बन्धित क्षेत्रमा नै खर्च गर्ने अभ्यास समेत गरिएको छ? | | | |
| ७.६ | स्थानीय तहको नीति, बजेट तथा कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार र उनीहरुको आधारभुत आवश्यकता सम्बोधनका लागि विनियोजित बजेटको खर्च सम्बन्धित अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधि संघसंस्थाहरुको साझेदारीमा मात्रै गर्ने अभ्यास गरिएको छ । | | | |
| **८.** | **लाभको सुनिश्चितता, अनुगमन, परिक्षण तथा प्रभाव मुल्यांकन** | | | |
| ८.१ | स्थानीय तहको आयोजना/कार्यक्रमहरुको तयारी तथा योजनामा खण्डिकृत तथ्याङ्क तथा सूचना र अपाङ्गता समावेशी विकासको अवधारणाको प्रयोग तथा सोको प्रभाव मुल्यांकनमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरु र तीनको प्रतिनिधि संघसंस्थाहरुको विविधतासहितको खण्डिकृत विवरण उपलब्ध हुनेगरी अभिलेख राख्ने गरिएको छ ? | | | |
| ८.२ | स्थानीय तहका क्षेत्रगत र विषयगत निकाय तथा विषयगत समितिको आवधिक प्रगति प्रतिवेदन तथा समिक्षामा अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क र उनीहरुमा परेको प्रभावसमेत समावेश/उल्लेख गर्ने गरिएको छ ? | | | |
| ८.३ | विभिन्न सामाजिक तथा साँस्कृतिक पृष्ठभूमी र विशिष्ट आवश्यकता भएका विभिन्न प्रकारका अशक्तता भएका व्यक्तिहरुको अधिकारलाई सम्बोधनका लागि विनियोजित बजेट सोही अनुसार समयमा नै कार्यान्वयन गर्ने र सो भए नभएको जाँच्ने वा लेखाजोखा हुने गरेको छ ? | | | |
| ८.४ | अनुगमन, मुल्यांकन र समिक्षामा अपाङ्गता भएका व्यक्तिहरुको जीवनमा पुगेको लाभ तथा उपलब्धिहरु सम्बन्धि स्पष्ट सुचक र उपसूचकहरु तय गरी गर्ने गरिएको छ ? | | | |

| | | | | |
|---|---|---|---|---|
| ८.५ | अनुगमन, मुल्यांकन प्रतिवेदन र समिक्षा तथा सिकाईका आधारमा अपाङ्गता भएका व्यक्तिहरुका सम्बन्धमा प्राप्त सुझावहरु अभिलेखीकरण गरी सो आगामी वर्षको नीति, कार्यक्रम, योजना तथा बजेटमा समावेश गर्ने गरिएको छ ? | | | |
| ८.६ | स्थानीय तहबाट सञ्चालन गरिएका विभिन्न कार्यक्रमहरुबाट सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुमा परेको प्रभाव सम्बन्धमा वार्षिक रुपमा अपाङ्गता परिक्षण (Disability Audit) वा प्रभाव मुल्यांकन वा यस्तै विशिष्ट किसिमको विश्लेषण गर्ने गरिएको छ ? | | | |
| **९.** | **सिप विकास, उद्यमशिलता, रोजगारी र आयआर्जन अभिवृद्धि** | | | |
| ९.१ | सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका लागि सिप विकास, उद्यमशिलता प्रवर्द्धन तथा रोजगारी, स्वरोजगारी प्रवर्द्धन र आयआर्जन अभिवृद्धिका लागि स्थानीय तहमा उल्लेख्य कार्यक्रमहरु कार्यान्वयन भएका छन् ? | | | |
| ९.२ | सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका लागि सञ्चालित विभिन्न कार्यक्रमहरुबाट आयआर्जनमा दिगोपना र वृत्ति-विकासका लागि विभिन्न वैकल्पिक अवसरहरु सृजना हुनसक्ने अवस्था सृजना भई कार्यान्वयन भएका छन् ? | | | |
| ९.३ | सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका लागि सञ्चालित विभिन्न कार्यक्रमहरुबाट उनीहरुका लागि समान रोजगारीको अवसर तथा समान कामका लागि समान ज्याला र सेवा सुविधा प्राप्त भइ रहेका छन् ? | | | |
| **१०.** | **सामाजिक सुरक्षा तथा विशेष संरक्षण** | | | |
| १०.१ | स्थानीय तहले आफ्नो भुगोलका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको विद्यमान सामाजिक सुरक्षा तथा विशेष संरक्षणको कार्यक्रमको पुर्ण रुपमा सुनिश्चितता गरी कार्यान्वयन गरेको छ ? | | | |
| १०.२ | स्थानीय तहले आफ्नो भुगोलका अपाङ्गता भएका सबै व्यक्तिहरुको सामाजिक सुरक्षा तथा विशेष संरक्षणको लागि आफ्नै पहलामा विशेष कार्यक्रमहरु तय गरी कार्यान्वयन गरेको छ ? | | | |

| | | | | |
|---|---|---|---|---|
| **११.** | **प्रकोप जोखिम न्यूनिकरण र स्थानीय विपद् व्यवस्थापन** | | | |
| ११.१ | विपद् व्यवस्थापन सम्बन्धि स्थानीय कानुन, नीति, मापदण्ड, कार्ययोजना तथा योजनाको कार्यान्वयन, अनुगमन र नियमनमा अपाङ्गता भएका व्यक्तिहरु र तीनका प्रतिनिधि संस्थाको अर्थपूर्ण र प्रभावकारी सहभागीता छ। | | | |
| ११.२ | विपद् व्यवस्थापन सम्बन्धि स्थानीय विपद् व्यवस्थापन समितिमा अपाङ्गता भएका व्यक्तिहरु तथा तीनका प्रतिनिधि संघसंस्थाहरुको प्रतिनिधित्व छ। | | | |
| ११.३ | समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्दा अपाङ्गता भएका व्यक्तिहरु र तीनका प्रतिनिधि संस्थाको पूर्ण र प्रभावकारी सहभागीता छ। | | | |
| ११.४ | विपद् व्यवस्थापन सम्बन्धि स्थानीय तहमा विभिन्न पूर्वतयारी, आपतकालित प्रतिकार्य तथा पुन:निर्माणका कार्यहरु गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरुको खण्डिकृत तथ्याङ्क[5] राख्ने र त्यसको नियमित अध्यावधिक गर्ने गरेको छ। | | | |
| **१२.** | **उपयुक्त अनुकूलता र पहुँचयुक्तता** | | | |
| १२.१ | स्थानीय तहले निर्माण गरेका नीति, योजना, कार्यविधि, मापदण्ड, बजेट, कार्यक्रमहरुको बारेमा सबैलाई पहुँचयुक्त हुने गरी निर्माण गरिएको छ। | | | |
| १२.२ | स्थानीय तहबाट प्रदान गर्ने सम्पूर्ण प्रकारका सेवा सुविधाहरुमा पहूँच सुनिश्चित गर्नका लागि सबैका लागि पहुँचयुक्त, आवश्यक उपयुक्त अनुकूलता, र पहुँचयुक्त वातारवरण सुनिश्चित गरिएको छ। | | | |

[5] खण्डिकृत तथ्याङ्क भन्नाले अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क तथा सूचना वा जानकारीलाई अपाङ्गताको केवल अशक्तताको प्रकृति मात्रै नभए त्यसको जात, जातियता, लैङ्गिकता, उमेर, आर्थिक अवस्था लगायतका आधारमा व्यवस्थित तबरले राखिनु र त्यसको उपयोग गरिनु हो।

# अनुसूची २: गाँउपालिका/नगरपालिका वा स्थानीय सरोकावालाहरुबाट थप संकलन गर्नुपर्ने सूचनाहरु

**स्थानीय तहको नाम:** ........................ **सङ्कलित मिति:**.........................

| सूचक | के छ/के भएको काम तथा समस्या/चुनौती (बुँदागत रुपमा उल्लेख गरिदिनुहोस) |
|---|---|
| **१. नीतिगत व्यवस्था**<br>अपाङ्गतासँग सम्बन्धित यो स्थानीय तहमा के कस्ता नीति, कार्यविधी, निर्देशिका बनेको छ ? कार्यपालिका वा सभाबाट केही निर्णयहरु भएका छन् की ? के के भएका छन् ? भएका त्यस्ता व्यवस्थाहरुको कार्यान्वयन अवस्था कस्तो छ ? के कार्यान्वयन भएको छ ? कार्यान्वयनमा के समस्या छ ? (त्यस्ता नीति, कार्यविधी, निर्देशिका उपलब्ध भएमा सो पनि समावेश गरिदिनु होला) | |
| **२. संस्थागत संरचना र प्रभावकारिता**<br>अपाङ्गताका सवालमा स्थानीय तह वा वडा तहमा के कस्ता संरचना छन् ? अपाङ्गताका सवालमा स्थानीय समन्वय समिति गठन भएको छ ? शाखा छ ? फोकल व्यक्ति वा तोकिएको छ कि ? कुनै समिति छ ? समिति छ भने त्यसको नाम र काम के के हो ? शाखा, समिति वा फोकल व्यक्तिको काम कस्तो छ ? उनीहरुले काम के कसरी गरिरहेका छन् ? त्यस्ता समितिहरुको बैठक नियमित छ ? त्यस्ता समितीहरुमा क कस्को सहभागिता रहेको छ ? स्थानीय तहमा नागरिक समाजहरुसँग सम्बन्धित पनि केही संरचना वा संजाल वा अरु कुनै संरचनाहरु छन् कि ? | |
| **३. योजना तर्जुमा तथा कार्यान्वयन**<br>अपाङ्गताका सवालमा पछिल्लो ३ वर्षका यस स्थानीय तहमा के कस्ता योजना बनेका छन् ? त्यस्ता योजनाको कार्यान्वयन कस्तो छ ? कसरी भएको छ ? अपाङ्गता भएका व्यक्ति वा संस्थाको त्यस्तो योजना बनाउने प्रक्रियामा वा कार्यान्वयन गर्ने गराउने बेला कस्तो कसरी सहभागिता भएको छ ? पछिल्लो तिन वर्षको नीति, कार्यक्रम र बजेटमा के कति बजेट राखिएका थिए ? कस्ता कार्यक्रमहरु समेटिएका थिए वा छन् र तिनीहरुको कार्यान्वयन के कसरी भएको छ ? | |

| | |
|---|---|
| **४. अनुगमन तथा मुल्यांकन**<br>अपाङ्गताका सवालमा भएका कार्यक्रमहरुको अनुगमन वा मुल्यांकन के कसरी हुने गरेको छ ? कसले कसरी गर्ने गरेका छन् ? के अपाङ्गता भएका व्यक्ति वा संस्थाको अनुगमन तथा मुल्यांकनमा कुनै प्रकारको सहभागिता भएको छ वा हुने गरेको छ ? भएको छ भने केही उदाहरणहरु पनि लेखीदिनुहोस । | |
| **५. क्षमता अभिवृद्धि**<br>अपाङ्गताका सवालमा क्षमता अभिवृद्धिका लागि के कस्ता कार्यक्रम गरिएका छन् ? त्यस्तो कार्यक्रम कस्ले गरेको छ ? कस्को क्षमता विकासको कामहरु गरेका छन् ? यस्ता कामहरुमा को को सहभागी भएका छन् ? यस्ता प्रयास नागरिक समाज संस्थाहरुबाट पनि भएका छन् ? छन् भने के कस्ता क्षमता विकाका काम कसले गरेको छ ? कति अवधीको भएको छ ? मुख्य लक्षित समुह को को छन् ? | |
| **६. कार्यक्रमहरुको लाभको सुनिश्चितता**<br>अपाङ्गताका सवालमा भएका कार्यक्रमहरुको सम्बन्धित व्यक्ति वा परिवार तहमा वा समुदायको तहमा के कस्ता लाभ वा उपलब्धिको भएको छ ? के कस्तो लाभ कुन तहमा पुगेको छ ? | |
| **७. अपाङ्गता भएका व्यक्तिहरुको आधारभुत आवश्यकता र अधिकारको सुनिश्चितता**<br>अपाङ्गता भएका व्यक्तिहरुको आधारभुत आवश्यकता वा उनीहरुका अधिकारहरुको सम्वोधनका लागि के कस्ता प्रयास कसबाट भएका छन् ? स्थानीय तहले के गरेको छ ? विस्तृत खुल्नेगरी संभव भएसम्म संख्यामक र गुणात्मक जानकारी लेखीदिनुहोला । मुख्यगरी स्थानीय तहले पछिल्ला केही वर्षमा के गरेको छ वा स्थानीय तहबाट भएका प्रयासहरु के के छन् ? शिक्षा, स्वास्थ्य, कृषि, पशु, रोजगार लगायतका स्थानीय तहका विभिन्न शाखाहरुबाट पनि के कस्ता काम वा प्रयासहरु भएका छन् ? | |
| **८. लाभको सुनिश्चितता, अनुगमन, परिक्षण र प्रभाव मुल्यांकन**<br>अपाङ्गता भएका व्यक्तिहरुको लागि स्थानीय तहबाट वा अन्य सरोकारवालाहरुबाट भएका कामहरुबाट कुन कार्यक्रमले कस्तो लाभ दिएको देखिन्छ ? यस्तो कार्यक्रमहरुले कस्तो योगदान दिएको छ भन्ने सम्वन्धमा कस्ले अनुगमन, परिक्षण वा प्रभाव मुल्यांकन गर्दछ ? के अपाङ्गता भएका व्यक्तिहरुको यस्ता अनुगमन, मुल्यांकन वा परिक्षणमा सहभागिता हुने गरेको छ ? | |

| | |
|---|---|
| **९. सिप विकास, उद्यमशिलता, रोजगारी र आयआर्जन अभिवृद्धि**<br>अपाङ्गता भएका व्यक्तिहरुको लागि स्थानीय तहमा कस कसले के कस्ता सिप विकास, उद्यमशिलता, रोजगारी सृजना र आयआर्जन अभिवृद्धि सम्वन्धी कामहरु गरेका छन् ? उदाहरणहरु सहित विस्तृत लेख्नुहोस । त्यस्ता कार्यक्रम कस्तो प्रकारको ? कति लामो ? के कस्तो विषयमा ? के सामाजिक संघ संस्थाहरुको तर्फबाट पनि केही प्रयासहरु भएका छन् ? सबै खुलाईदिनुहोला । | |
| **१०. सामाजिक सुरक्षा तथा विशेष संरक्षण**<br>अपाङ्गता भएका व्यक्तिहरुको लागि के कस्ता सामाजिक सुरक्षासँग सम्बन्धित व्यवस्थाहरु विभिन्न तहको सरकारहरुबाट तय गरिएका छन् ? त्यस्ता कार्यक्रमहरुको कार्यान्वयन अवस्था कस्तो छ ? अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोग पुग्ने स्थानीय तहले आफै शुरु र कार्यान्वयन गरेका के कस्ता कार्यक्रम वा व्यवस्थाहरु वा सामाजिक सुरक्षाका प्रयासहरु छन् ? | |
| **११. प्रकोप जोखिम न्यूनिकरण र स्थानिय विपद् व्यवस्थापन**<br>प्रकोप जोखिम न्यूनिकरण र स्थानीय विपद् पुर्व तयारी तथा व्यवस्थापनसँग सम्बन्धित विषयमा अपाङ्गता भएका व्यक्तिहरुका लागि के कसरी सोचिएको छ ? के व्यवस्था गरिएको छ ? के काम गरिएको छ ? केही उदाहरणहरु पनि छ कि ? | |

National Indigenous Disabled Women Association Nepal (NIDWAN)
राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ नेपाल (निडवान)


कुसुन्ति, ललितपुर, नेपाल
+९७७-४३११४२३, ९८४१४५७२७०
nidwan2015@gmail.com
@nidwan.nepal
@NidwanNepal
www.nidwan.org.np